# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ११२ | काठमाडौं | बिहीबार, २८ साउन २०८३ | Prabhab National Daily | Thursday, 13 August 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


# देउवाको आगमनमा प्रहरी ‘अलर्ट’

## शक्ति प्रदर्शनको तयारीमा कांग्रेस

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका निवर्तमान उपसभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा आज दिउँसो काठमाडौंमा ओर्लने कार्यक्रम तय भएको छ। कांग्रेस नेता मीन विश्वकर्माका अनुसार देउवा सवा १२ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लने छन्।

देउवालाई कांग्रेस संस्थापनइतरले भव्य स्वागतको तयारी गरेको छ। ‘देउवा दाइ सवा १२ बजे आइपुग्ने कार्यक्रम छ। उहाँलाई स्वागत गर्न हामी दिउँसो १२ बजेअघि नै विमानस्थल पुग्छौ,’ नेता विश्वकर्माले भने। देउवालाई विमास्थलमा बाजागाजासहित स्वागत गरिने उनले बताए। कांग्रेस विवादपछि संस्थापनइतरले आयोजना गर्न लागेको राष्ट्रिय भेलामा प्रमुख अतिथि बन्न देउवा हङकङबाट नेपाल आउन लागेका हुन्।

जेन-जी विद्रोहका क्रममा बूढानीलकण्ठस्थित घरमै कुटिएका देउवा उपचारका लागि गत कात्तिक १० गते सिंगापुर गएका थिए। त्यहाँबाट देउवा हङकङ गएका थिए। पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएर उपचारका लागि हिँडेका देउवाले बाहिर छँदै आफ्नो सभापति पद गुमाएका थिए।

विशेष महाधिवेशन पक्षधरले पुसको अन्तिममा विशेष महाधिवेशन गरी गगन थापालाई सभापति बनाएसँगै उनको सर्वोच्च पद गुमेको थियो। पछिल्लो दिन भने सर्वोच्च अदालतले कांग्रेस आधिकारिकताको मुद्दा बल्झाएसँगै देउवा स्वदेश फर्कन लागेको बताइएको छ। यसअघि साउन २६ गते राति फर्कने घोषणा गरे पनि स्वागतका लागि असहज हुने भन्दै आज दिउँसो काठमाडौं उर्लनेगरी उडान तय गरिएको थियो।

देउवालाई संस्थापनइतर पक्षले प्रमुख अतिथिको रूपमा निमन्त्रण गरेको हो। देउवा स्वदेश फर्किने भएपछि प्रहरी भने ‘अलर्ट’मा बसेको छ। देउवा दम्पतीविरुद्ध प्रहरीले सम्पत्ति शुद्धीकरणमा अनुसन्धान गरिरहेको छ।


सरकारले देउवा र आरजु राणा देउवासँगै उनीहरूका छोरा जयवीर देउवाविरुद्ध पनि पक्राउ पुर्जी जारी गरेको थियो। त्यसो त देउवा दम्पतीलाई पक्राउ नगर्न सर्वोच्चले आदेश दिइसकेको छ। यद्यपि प्रहरीले सोही मुद्दा भने हेरिरहेको जनाएको छ। सर्वोच्चले आदेश दिए पनि अनुसन्धान जारी रहेको प्रहरी स्रोतको दाबी छ।

डिआइजी अविनारायण काफ्लेका अनुसार अहिले यसै भन्न सकिने अवस्था छैन। देउवालाई ओर्लिनेबित्तिकै समाउने कि नसमाउने, उत्पन्न हुनसक्ने परिस्थितिलगायतका बारेमा प्रहरीले विभिन्न निकायसँग परामर्श गरिरहेको उनले बताए।

सर्वोच्चले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट अनुसन्धान भएको कसुरको मुद्दा हेर्ने क्षेत्राधिकार विशेष अदालतमा रहेको भन्दै अध्यादेश जारी हुनुपूर्व काठमाडौं जिल्ला...

⏭ क्रमशः पृष्ठ २ मा

- हङकङबाट नेपाल फर्कन लागेका देउवा सवा १२ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लने
- संस्थापनइतरको राष्ट्रिय भेलामा प्रमुख अतिथिका रूपमा सहभागी हुन स्वदेश फर्कंदै
- विमानस्थलमा बाजागाजासहित स्वागत गर्ने कांग्रेस संस्थापनइतरको तयारी
- देउवा दम्पतीविरूद्ध सम्पत्ति शुद्धीकरणमा अनुसन्धान जारी रहेकोले विमानस्थलमा ओर्लिनेबित्तिकै पक्राउ पर्नसक्ने आशंका
- पूर्वसभापति देउवामाथि प्रहरीले धरपकड गरे प्रतिवादमा उत्रने कांग्रेस नेता डा. शशांक कोइरालाको चेतावनी
- देउवालाई पक्रने कि नपक्रने ? उत्पन्न हुनसक्ने परिस्थितिलगायतका बारेमा विश्लेषण गर्दै प्रहरी
- देउवा दम्पती र छोरा जयवीरविरूद्ध यसअघि नै पक्राउ पुर्जी जारी गरिएको भए पनि देउवालाई पक्राउ नगर्न सर्वोच्चको आदेश
- जेन-जी आन्दोलनका क्रममा निवासमै कुटिएका देउवा दम्पती उपचारका लागि गत कात्तिक १० गते सिंगापुर गएका थिए



### देउवापक्षको राष्ट्रिय भेला मिराकलमा

नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवापक्षले आयोजना गर्न लागेको राष्ट्रिय भेला भोलि शुक्रबारदेखि सुरु हुँदै छ। भेला सुकेधारास्थित मिराकल पार्टी प्यालेसमा हुने भएको छ। तीन दिनसम्म चल्ने भेलाको तयारी अन्तिम चरणमा पुगेको आयोजकले जानकारी दिएको छ।

भेला आयोजक समितिका प्रमुख मीन विश्वकर्माका अनुसार कार्यक्रमको नेतृत्व आयोजक समितिका संयोजक डा. शशांक कोइरालाले गर्ने छन्। पूर्वसभापति देउवालाई भेलाको प्रमुख अतिथिका रूपमा आमन्त्रण गरिएको छ भने उनले शुक्रबार दिउँसो १ बजे कार्यक्रमको उद्घाटन गर्ने छन्।

उद्घाटन समारोहमा कांग्रेसका शीर्ष नेताहरूले धारणा राख्ने कार्यक्रम तय भएको छ। त्यसपछि शनिबार र आइतबार दुई दिन बन्दसत्र सञ्चालन हुने छ। आयोजकका अनुसार भेलामा करिब चार हजार ६०० नेता तथा कार्यकर्ताको सहभागिता अपेक्षित छ।

⏭ क्रमशः पृष्ठ २ मा

सार्वजनिक खरिद ऐन संशोधनविरूद्धको रिट

# सर्वोच्चले सरकारसँग माग्यो पत्रिकामा टेण्डर विज्ञापन प्रकाशन गर्न रोक लगाउनुको कारण

■ प्रभाव संवाददाता

**काठमाडौं–** सर्वोच्च अदालतको संवैधानिक इजलासले पत्रपत्रिकामा सार्वजनिक खरिदसम्बन्धी विज्ञापन प्रकाशित गर्नु नपर्नेगरी सार्वजनिक खरिद ऐन, २०६३ संशोधन गरिएकोबारे सरकारसँग कारण माग गरेको छ। उक्त संशोधनविरुद्ध परेको रिटमा बुधबार भएको सुनुवाइपछि इजलासले सरकारका नाममा कारण देखाऊ ओदश जारी गरेको हो।

प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा, न्यायाधीशहरू विनोद शर्मा, सारंगा सुवेदी, अब्दुल अजिज मुसलमान र महेश शर्मा पौडेल रहेको संवैधानिक इजलासले सार्वजनिक खरिद ऐनमा संशोधन गर्नु पर्नाको कारण लिखित रूपमा पेस गर्न माग गरेको छ।

‘यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने कानुनबमोजिमको आधार र कारण भए सोसमेत खुलाई सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ बमोजिम यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक सात दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमाफत लिखित जवाफ पेस गर्नू,’ आदेशमा भनिएको छ। इजलासले रिट निवेदकको मागबमोजिम अन्तरिम आदेश दिन भने अस्वीकार गरेको छ।

⏭ क्रमशः पृष्ठ २ मा


## सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीमा हार्दिक अपिल

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार व्यवसायलाई सम्मानित, मर्यादित, पारदर्शी, उत्तरदायी र व्यवस्थित पेशाका रूपमा स्थापित गर्ने उद्देश्यका साथ लामो समयदेखि नीतिगत सुधारका लागि बहस पैरवी र सरोकारवाला पक्षसँग संवाद गर्दै आएको विषय सर्वविदितै छ । विद्यमान ऐन तथा कानुनमा रहेका त्रूटिपूर्ण प्रावधानको संशोधन, श्रमिकको लागत तथा सेवा शुल्कको वैज्ञानिक र व्यावहारिक निर्धारण तथा व्यवसायीको सेवा शुल्कको उचित व्यवस्थापन नगरी वैदेशिक रोजगार व्यवसायलाई दीर्घकालीन रूपमा व्यवस्थित र सम्मानित बनाउन सम्भव छैन भन्ने संघको स्पष्ट निष्कर्ष रहेको छ ।

यसै विषयमा मिति २०८३ साउन ७ गते बिहीबार संघले आम व्यवसायी भेला आयोजना गरी सम्पूर्ण व्यवसायीको राय, सुझाव र म्यान्डेट प्राप्त गरेको थियो । व्यवसायीहरूको सामूहिक भावना र प्राप्त म्यान्डेटकै आधारमा आवश्यक नीतिगत सुधार नभएसम्म श्रमिक पठाउने कार्य स्थगित गर्ने निर्णय गरिएको हो । यो निर्णय कुनै व्यक्ति, संस्था वा सरकारप्रति लक्षित नभई व्यवसायीको पेशागत सम्मान, श्रमिकको हित र वैदेशिक रोजगार क्षेत्रको दीर्घकालीन सुधारका लागि चालिएको सामूहिक कदम हो । लामो समयदेखि व्यवसायीहरूले नीतिगत सुधारको माग गर्दै आए पनि सर्वपक्षीय छलफल र सर्वस्वीकार्य नीतिको निर्माणलाई प्राथमिकता दिनुको सट्टा दण्ड-सजायको दायरा विस्तार गर्दै नियन्त्रणमुखी नियमनको बाटो अवलम्बन गरिँदा आजको परिस्थिति सिर्जना भएको संघको बुझाइ छ । त्यसैले अब समस्या समाधानको दिगो बाटो व्यावहारिक नीति, स्पष्ट कानुन, वैज्ञानिक शुल्क निर्धारण र प्रभावकारी नियमन नै हो । यस महत्वपूर्ण अभियानलाई सफल बनाउन व्यवसायीहरूको एकता, अनुशासन र इमान्दारिता नै सबैभन्दा ठूलो शक्ति हो ।

संघको निर्णयलाई पूर्ण रूपमा आत्मसात् गर्दै नीतिगत सुधार नभएसम्म पूर्व स्वीकृति, अन्तिम स्वीकृति, श्रमिक पठाउने प्रक्रिया तथा उडानलगायतका सम्पूर्ण प्रक्रिया अघि नबढाउनुहोस् । संघको सामूहिक निर्णयलाई कमजोर पार्ने कुनै पनि गतिविधि नगरी एकताबद्ध भएर अघि बढ्न हामी सम्पूर्ण व्यवसायी साथीहरूमा अनुरोध गर्दछौं । संघको निर्णयविपरीत प्रक्रिया अघि बढाउँदा उत्पन्न हुन सक्ने अप्रत्याशित अवस्था वा दायित्वको जिम्मेवारी सम्बन्धित व्यवसायी र संस्थाले स्वयं लिनुपर्ने व्यहोरा समेत स्मरण गराउँदछौं । आजको हाम्रो एकता र अनुशासनले नै भोलिको सम्मानित र सुरक्षित वैदेशिक रोजगार व्यवसायको आधार तयार गर्नेछ । त्यसैले, श्रमिकको हितका लागि, व्यवसायीको सम्मानका लागि र वैदेशिक रोजगार क्षेत्रको दीर्घकालीन सुधारका लागि एकताबद्ध भएर संघको अभियानमा साथ दिन सम्पूर्ण व्यवसायी साथीहरूमा हार्दिक अपिल गर्दछौं ।

डिक बहादुर खत्री (कुमार)
अध्यक्ष

हिरा बहादुर डाँगी (हरि)
महासचिव

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
सिफल -७, काठमाडौं, फोन नं. ०१-४५२०२६९/४५२४४१८


सन्दर्भ: वैदेशिक रोजगार

# ई-७ भिसाको मागपत्र प्रमाणीकरण सुरु

## म्यानपावर कम्पनीमार्फत कोरिया जाने बाटो खुला

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले ई-७ भिसामार्फत दक्षिण कोरियामा श्रमिक पठाउन मागपत्र प्रमाणीकरणको प्रक्रिया थालेको छ। कोरियास्थित नेपाली दूतावासले एक सूचना जारी गर्दै ‘दक्ष श्रमिकलाई गणतन्त्र कोरिया पठाउने कार्यविधि, २०२४’ अनुसार बुधबारदेखि मागपत्र प्रमाणीकरणको प्रक्रिया सुरू भएको जानकारी दिएको हो।

उक्त प्रक्रिया सुरू भएसँगै इजाजतपत्र संस्था (म्यानपावर कम्पनी)मार्फत ई-७ भिसामा दक्ष श्रमिक पठाउनका लागि बाटो खुलेको छ। यसरी जाने श्रमिकले भर्ना वा सेवा शुल्क तिर्न नपर्ने भनिएको छ। यसबाट श्रमिकहरू सम्भावित आर्थिक शोषणमा पर्नसक्ने अवस्थाको नियन्त्रण गर्ने जनाइएको छ।

नयाँ व्यवस्था अनुसार कोरियाका रोजगारदाताले नेपालबाट श्रमिक लैजान मागपत्र प्रमाणीकरणका लागि राजदूतावासमा अनलाइनमार्फत आवेदन दिनुपर्ने छ। दूतावासले मागपत्र प्रमाणीकरणका लागि विभिन्न कागजात आवश्यक पर्ने भनेको छ। रोजगारदाताले कोरियाको विदेश मन्त्रालयबाट अपोस्टिल गरिएको मूल मागपत्र तथा प्रतिलिपि, रोजगारदाताले कोरियाली भर्ती एजेन्सीलाई दिएको अख्तियारीपत्र वा दुई पक्षबीचको सम्झौता,...

⏭ क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

### देउवाको...

अदालतबाट २०८२ चैत १४ मा जारी पक्राउ पुर्जी स्वतः निष्क्रिय हुने ठहर गरेको थियो। देउवा दम्पतीविरुद्ध 'रेड नोटिस' जारी गर्न प्रहरीले थप कागजात पठाउने तयारी भइरहँदा सर्वोच्चको यो आदेश आएको थियो। देउवालाई सरकारले धरपकड गरे आफूहरू प्रतिवादमा उत्रने कांग्रेस नेता डा. शशांक कोइरालाले बताएका छन्। 'यदि धरपकड गरिएमा पार्टीले कडा प्रतिवाद गर्ने छ,' कोइरालाले भने।

■■■

### देउवापक्षको...

सहभागीको संख्या बढेर पाँच हजारभन्दा बढी पुग्नसक्ने अनुमानसमेत गरिएको छ। 'कार्यक्रममा १४औं महाविधेशनका केन्द्रीय कार्यसमिति, प्रदेश तथा जिल्ला समितिका पदाधिकारी, पूर्वमन्त्री, पूर्वसांसदहरूलाई निमन्त्रण गरिएको छ,' विश्वकर्माले भने। भेलामा छलफलका लागि प्रस्तुत गरिने प्रतिवेदनको तयारी पनि अन्तिम चरणमा पुगेको छ। आयोजकका अनुसार प्रतिवेदनलाई अन्तिम रूप दिएर सार्वजनिक सञ्चारमाध्यमका लागि उपलब्ध गराउने तयारी भइरहेको छ। पार्टीभित्रको पछिल्लो राजनीतिक तथा संगठनात्मक अवस्थाबारे धारणा आदानप्रदान र आगामी रणनीतिमाथि छलफल गर्ने उद्देश्यले देउवापक्षले भेला आयोजना गर्न लागेको हो।

■■■

### सर्वोच्चले सरकारसँग...

मुद्दाको विषयवस्तु अन्तिम सुनुवाइबाट निर्क्योल गर्नुपर्ने प्रकृतिको रहेको उल्लेख गर्दै अन्तरिम आदेश दिन नमिल्ने आदेशमा उल्लेख छ। 'साथै निवेदकले अन्तरिम आदेश माग गरेको विषयवस्तु रिट निवेदनको अन्तिम सुनुवाइ हुँदा निरूपण हुनुपर्ने प्रकृतिको देखिँदा हाल निवेदन मागदाबीबमोजिम अन्तरिम आदेश जारी गर्नु परेन,' संवैधानिक इजलासको आदेशमा छ।

खरिद ऐनमा भएको संसोधनमार्फत पत्रिकामा सूचना तथा विज्ञापन प्रकाशनमा पूर्वप्रतिबन्ध लगाइएको विषय असंवैधानिक भएको, असंवैधानिक संशोधनलाई विकसित मुलुकका सर्वोच्च अदालतहरूले समेत बदर गरिदिएको दृष्टान्तसहित अधिवक्ताद्वय अनन्तराज लुईंटेल र रामप्रसाद पुडासैनीले अन्तरिम आदेशको माग गर्दै गत जेठ १२ गते रिट निवेदन दायर गरेका थिए।

बुधबार निवेदकको तर्फबाट बहस गरेका कानुन व्यवसायीहरूले संविधानको धारा १९ प्रतिकूल समाचार तथा सूचना प्रकाशनमा पूर्वप्रतिबन्ध लगाउने व्यवस्थाले समग्र लोकतान्त्रिक शासन व्यवस्थालाई नै कमजोर बनाउने बताएका थिए।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४(१), ३०(१) र ४०(१) मा भएको संशोधनले पत्रिकामा टेण्डर विज्ञापन प्रकाशन गर्न रोक लगाएको छ। उक्त संशोधनपछि तीन तहकै सरकारी कार्यालय/निकायको टेण्डर विज्ञापन इ-बिडिङका लागि वेबसाइटमामात्रै प्रकाशित गर्नुपर्ने व्यवस्था गरिएको छ। वालेन्द्र शाह नेतृत्वको सरकारले पहिला अध्यादेशमार्फत उक्त ऐन संशोधन गरेकोमा उक्त अध्यादेश संसद्बाट पारित भई असार १५ गते राष्ट्रपतिबाट प्रमाणीकरण भइसकेको छ।

यसअघि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तीन तहकै सरकारी विज्ञापन तथा सूचना सरकारी सञ्चारमाध्यमबाट मात्रै प्रकाशन तथा प्रसारण गर्नुपर्ने भन्दै सरकारी विज्ञापनमा लागू गरेको एकद्वार प्रणाली सर्वोच्च अदालतले खारेज गरिदिएको थियो। निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञानमा लगाएको निषेधविरुद्ध परेको रिटमा बहसपछि सर्वोच्चले असार ३० गते खारेज गर्ने आदेश गरेको हो।

■■■

### ई-७ भिसाको...

रोजगारदाताको ग्यारेन्टी तथा प्रतिबद्धतापत्र र रोजगार सम्झौता पेस गर्नुपर्ने छ। त्यस्तै, कोरियाली भर्ती एजेन्सीले नेपाली एजेन्सीलाई दिएको अख्तियारीपत्र तथा दुई पक्षबीचको सम्झौता पनि आवश्यक हुने भनिएको छ।

सूचना अनुसार नयाँ प्रक्रियामा श्रमिक छनोटका लागि पनि केही महत्त्वपूर्ण व्यवस्था गरेको छ। कोरियाका रोजगारदाताले नेपालमै भाषा दक्षता तथा व्यावसायिक सीप परीक्षण सञ्चालन गर्नुपर्ने छ। परीक्षणका लागि श्रमिकसँग कुनै शुल्क लिन नपाइने जनाइएको छ। भाषा र सीप परीक्षण रोजगारदाता कम्पनीको आफ्नै या सम्बन्धित कम्पनीबाट अधिकार पाएको परीक्षण केन्द्रबाट हुनुपर्ने उल्लेख छ।

#### ई-७ भिसामा जाने श्रमिकका सुविधा

मागपत्रसँग सम्बन्धित रोजगार सम्झौतामा कोरियाले श्रमिकले पाउने आधारभूत सुविधा स्पष्ट पारेको छ। जसअन्तर्गत श्रमिकले सम्झौतामा उल्लेख गरिएको तलब, खाना, भत्ता तथा अन्य सुविधा पाउने छन्। कोरिया पुगेपछि तत्काल काम दिन नसके पनि रोजगारदाताले सम्झौताअनुसारको सेवा सुविधा दिनपर्ने प्रावधान राखिएको छ।

श्रमिकले मासिक तलब काम गरेको महिना समाप्त भएको सात दिनभित्र व्यक्तिगत बैंक खातामा पाउने छन्। बैंक खातामा जम्मा नभएको रकमलाई भुक्तानी भएको नमानिने व्यवस्था गरिएको छ। कोरियाको सरकारले तोकेको न्यूनतम ज्यालाको मापदण्डअनुसार तलब समायोजन गर्नुपर्ने र निरन्तर एक वर्ष काम पूरा गरेपछि वार्षिक तलब वृद्धि गर्नुपर्ने प्रावधानसमेत पालना गर्नुपर्ने छ।

श्रमिकले दैनिक आठ घण्टा र सातामा पाँच दिन गरी बढीमा ४० घण्टा काम गर्नुपर्ने छ। श्रम कानुनअनुसार 'ओभरटाइम' (थप समय) काम गरेको छुट्टै पारिश्रमिक दिनुपर्ने छ। सार्वजनिक बिदा तथा वार्षिक बिदा पनि कोरियाली श्रम कानुनअनुसार उपलब्ध गराउनुपर्ने छ। रोजगारदाताले उपयुक्त र मानवीय आवास, पानी, बिजुली र ग्यासको सुविधा दिनुपर्ने छ। साथै, यातायात, पोसाक, व्यक्तिगत सुरक्षा सामग्री तथा लागू हुने अन्य यात्रा भत्तासमेत श्रमिकले पाउने छन्। श्रमिकको भिसा र बसोबाससम्बन्धी सबै जिम्मेवारी रोजगारदाताको हुने छ।

श्रमिकलाई कोरियामा लागू अनिवार्य बिमा योजनामा आबद्ध गराउनुपर्ने व्यवस्था छ। राष्ट्रिय स्वास्थ्य बिमा, औद्योगिक दुर्घटना क्षतिपूर्ति बिमा, रोजगार बिमालगायतका सामाजिक सुरक्षा योजनामा श्रमिकलाई समेट्नुपर्ने छ। कोरिया पुगेपछि आप्रवासनसम्बन्धी दर्ता र आवश्यक बसोबास अनुमति लिने प्रक्रिया पनि रोजगारदाताले समयमै पूरा गर्नुपर्ने छ।

#### दूतावासले अनुगमन गर्न सक्ने

यसरी गएका श्रमिकको संरक्षणका लागि दूतावासलाई अनुगमनको अधिकार पनि दिइएको उल्लेख गरिएको छ। सम्झौता अनुसार काम, पारिश्रमिक र श्रम मापदण्ड पालना भए/नभएको जाँच गर्न राजदूतावासले कार्यस्थल निरीक्षण गर्न तथा श्रमिकसँग प्रत्यक्ष सम्पर्क गर्न सक्ने छ। माग गरिएको अवस्थामा रोजगारदाताले नेपाली श्रमिकको सूची, सम्पर्क नम्बर, पारिश्रमिक विवरण, बैंक स्टेटमेन्ट, रोजगार सम्झौताजस्ता कागजात उपलब्ध गराउनुपर्ने छ।

नयाँ नियमअनुसार कम्पनीले श्रमिक कोरिया पुगेको तीन महिनाभित्र दूतावासलाई आधिकारिक इमेलमार्फत श्रमिकको व्यावसायिक, तलब र बसोबासको अवस्थाबारे जानकारी गराउनुपर्ने छ। साथै, श्रमिकको सहमतिमा सम्झौता अवधिभर तोकिएको पद, तलब, सुविधा वा कामको अवस्थालाई एकतर्फी रूपमा घटाउन वा परिवर्तन गर्न पनि नपाइने पनि व्यवस्था छ। त्यस्तै, आधिकारिक रोजगार सम्झौतामा कोरिया पुगेपछि कुनै परिवर्तन गर्न नपाइने जनाइएको छ।

त्यसैगरी, सम्झौता पूरा भएपछि श्रमिकलाई नेपाल फर्काउने खर्च पनि रोजगारदाताले व्यहोर्नुपर्ने छ। श्रमिकको मृत्यु भएमा शव नेपाल पठाउने खर्च रोजगारदाताले व्यहोर्नुपर्छ। परिवारमा गम्भीर स्वास्थ्य समस्या वा मृत्युजस्ता परिस्थिति आए श्रमिकलाई नेपाल फर्कन सहजीकरण गर्नुपर्ने प्रावधानसमेत रहेको जनाइएको छ।

#### संघले दियो धन्यवाद

हाल १५ बुँदे माग राख्दै आन्दोलनमा उत्रिएका व्यवसायीहरूले ई-७ भिसा खुलाउनुपर्ने मागसमेत राखेका थिए। लामो समयदेखि उठाउँदै विषयले पूर्णता पाएसँगै व्यवसायीहरूले खुसी व्यक्त गरेका छन्। नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्रीले म्यानपावरमार्फत कोरियामा श्रमिक पठाउने बाटो खुलेकोमा सरकारलाई धन्यवाद ज्ञापन गरे।

'कोरियाको ई-७ भिसामा श्रमिक पठाउने वैधानिक बाटो खुला भएकोमा श्रम मन्त्रालयको टिम र परराष्ट्र मन्त्रालयलाई धन्यवाद ज्ञापन गर्छौं,' उनले भने, 'रोजगारीमा देखिएका अन्य समस्या विशेषगरी सेवा शुल्कको विषयलाई पनि अविलम्ब सम्बोधन गर्ने छ भन्ने अपेक्षा छ।' हाल व्यवसायीहरू आन्दोलनमा रहेकाले कोरियाको माग ल्याए पनि श्रमिक भने नपठाउने खत्रीले बताए।

## कानुन व्यवसायीलाई न्यायिक मर्यादा कायम गर्न आग्रह

**काठमाडौं (प्रस)–** प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माले न्यायिक मर्यादा, व्यावसायिक निष्ठालाई ध्यानमा राखेर काम गर्नुपर्ने बताएका छन्।

नेपाल कानुन व्यवसायी परिषद्को ३३औं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रधानन्यायाधीश शर्माले कानुन व्यवसायीले नैतिक मूल्यमान्यताप्रति प्रतिबद्ध भएर न्यायिक मर्यादा कायम गर्ने गरी काम गर्नुपर्ने बताए। उनले स्वतन्त्र, निष्पक्ष र इमानदारीपूर्वक कानुन व्यवसाय गर्न र परिषद्को निरन्तर विकास तथा उन्नतिको कामना गरे। आत्ममूल्यांकन गर्ने दिनका रूपमा आत्मसमीक्षा गरी पारदर्शिता र जवाफदेहिताको सफल अभ्यास गर्न उनले आग्रह गरे।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले तीन दशकदेखि निरन्तर काम गर्दै परिषद्ले न्याय समाजको मार्गदर्शकको रूपमा काम गरिरहेको बताइन्। उनले आगामी दिनमा कानुन व्यवसायीलाई लाइसेन्स दिने संस्थामात्रै नभएर व्यावसायिक सुरक्षाका लागि काम गर्नुपर्नेमा जोड दिइन्।

महान्यायाधिवक्ता तथा परिषद्का अध्यक्ष डा. नारायणदत्त कँडेलले परिषद्को आत्ममूल्यांकनको दिनका रूपमा मनाइएको र आगामी दिनमा थप व्यावसायिक तथा पारदर्शी तरिकाले काम गर्ने बताए।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयको मिति २०८२/०६/२६ मा दर्ता भएको **जोन ऐटी फोर प्राइभेट लिमिटेड (प्रा.लि.नं. ३७६४५३)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Habib International Pvt. Ltd.** (इजाजत नम्बर ८०२/०६५/०६६)मा कार्यरत निम्न कर्मचारी हाल यस संस्थाबाट राजिनामा दिइसकेको र कार्यरत नरहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजहरूसँग यस प्रा.लि. को नाममा वैदेशिक रोजगार सम्बन्धि कुनै पनि काम नगर्न/नगराउन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका गराइन्छ। साथै यसो गरे/गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि जानकारी गराइन्छ। निजहरूसँग केहि दाबी विरोध भए यसै सूचनालाई आधार मानि ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| Name | Citizenship Number |
|---|---|
| Nutan Chhetri | 373023-200 |
| Nishan K.C. | 46-01-70-03474 |

Habib International Pvt. Ltd. श्रम ईजाजत नं. ८०२/०६५/०६६
Lalitpur-15, Satdobato. Nepal. Tel.: +977-01-5548070, 5548071, Fax: +977-01-5548069

---

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Himalayan Human Resources Nepal Pvt. Ltd.** (इजाजत नम्बर ४५१/०६०/०६१) मा कार्यरत निम्न कर्मचारी हाल यस संस्थाबाट राजिनामा दिइसकेको र कार्यरत नरहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजहरूसँग यस प्रा.लि. को नाममा वैदेशिक रोजगार सम्बन्धि कुनै पनि काम नगर्न/नगराउन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका गराइन्छ। साथै यसो गरे/गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि जानकारी गराइन्छ। निजहरूसँग केहि दाबी विरोध भए यसै सूचनालाई आधार मानि ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| Name | Citizenship Number |
|---|---|
| Arjun Nagarkoti | 18068 |
| Bhimsen Khatri | 24-0-070-04987 |
| Devi Dahal Shrestha | 38934-211029 |
| Subikchya Poudel | 28-01-71-02425 |

श्रम ईजाजत नं ४५१/०६०/६१
HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD.
Basundhara Chowk-8,Tokha, Kathmandu, Nepal, Tel: 01-4354342, Cell: +977 9823348542,
E-mail : hrnhimalayan@gmail.com, Web: www.hrnhimalayan.com

---

**शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२८**

यस नव वेताल सा.व.उ.स. मरिन गा.पा.-०३, सिन्धुलीको आर्थिक वर्ष २०८२/०८३को नियमानुसार कटान मुछान भइ उत्पादित साल जातको काठ ९३ थानको ११२९.९६ क्युफिट र असना जात काठ ६ थानको ९७.९५ क्युफिट गरि जम्मा ९९ थानको १२२७.९१ क्युफिट तथा १ चट्टा दाउरा समुहको ज्यामिरे दोभान बरूण घाटगट्टीमा रहेकाले काठ हाल जे जस्तो अबस्थामा छ। सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएको ले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। विस्तृत पुर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समुहको कार्यालयमा सूचना टाँस गरिएको छ।

**(अध्यक्ष**
**नव वेताल सा.व.उ.स.**
**मरिन गा.पा.-०३ सिन्धुली**

---

**शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२८**

यस नवढोका सा.व.उ.स. मरिन गा.पा.-०३, सिन्धुलीको आर्थिक वर्ष २०८२/०८३ को नियमानुसार कटान मुछान भइ उत्पादित साल जातको काठ १३१ थानको १४२३.३८ क्युफिट र असना जात काठ १२ थानको १६३.२१ क्युफिट गरि जम्मा १४३ थानको १५८६.९५ क्युफिट तथा १ चट्टा दाउरा समुहको ज्यामिरे दोभान बरूण घाटगट्टीमा रहेकाले काठ हाल जे जस्तो अबस्थामा छ। सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएको ले यो २१ दिने सुचना प्रकाशित गरिएको छ। विस्तृत पुर्ण व्यहोराको सुचना तथा जानकारीको लागि समुहको कार्यालयमा सूचना टाँस गरिएको छ।

**(अध्यक्ष**
**नवढोका सा.व.उ.स.**
**मरिन गा.पा.-०३ सिन्धुली**

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०८१/०८/२० मा दर्ता भएको **आर्शिबाद ज्वेलरी (प्रा.लि. नं. ३५६६८१)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०४/२८ गते**

यस कम्पनीको मिति २०८३/०४/१४ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एस.एण्ड एस.एस कन्स्ट्रक्सन प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०४/२५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एस.एण्ड एस.एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि.नं. ३७७३४३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

---

**कर्मचारी नरहेको सम्बन्धी सूचना**

यस **Pashupati HR Solution Pvt. Ltd.** (ई.प.नं. १४००/०७४/७५) मा कार्यरत बाबुराम न्यौपाने (ना.प्र.प्र.नं. ६११२/२०५०, मोरङ), र धनकुमारी न्यौपाने (ना.प्र.प्र.नं. ०५३०५४/१३३५, मोरङ) लाई यही मिति २०८३/०४/२८ गतेदेखि यस प्रा.लि. मा नरहेको हुँदा निजहरूबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ।

श्रम ईजाजत नं. १४००/०७४/०७५
Pashupati HR Solution Pvt. Ltd.
Pingalasthan, Gaushala, Kathmandu, Nepal, Tel No. 014588454,
E-mail : pashupatihr17@gmail.com, www.pashupatihr.com.np

---

**याम्बालिङ्ग हाईड्रोपावर लिमिटेड, ज्वागल १०, ललितपुर**

**सच्चाईको सम्बन्धमा**

यस कम्पनिको मिती २०८३ साल श्रावण २६ गते मंगलवार यसै पत्रिकामा प्रकाशित २०८२/०८३ को चौथो त्रैमासिक वित्तिय विवरणमा तपसिल अनुसार हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्चाईको व्योहोरा सम्बन्धित सवैको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| Particulars | This Quarter Ending Ashadh 2083 | Previous Quarter Ending Chaitra 2082 |
|---|---|---|
| Deffered Tax Assets | 8,259,940 | 8,259,940 |
| Total Non-Current Assets | 1,840,122,340 | 1,857,100,789 |
| Total Assets | 1,870,128,154 | 1,878,722,983 |
| प्रति शेयर कुल सम्पत्तिको मुल्य रु. | | २६७/१६ |

---

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बिहीबार, २८ साउन, २०८३

**मेष** काममा उत्साह बढ्नेछ। आर्थिक लाभको अवसर मिल्नेछ, तर हतारमा निर्णय नगर्नुहोस्।

**वृष** रोकिएका काम अघि बढ्नेछन्। परिवारबाट सहयोग मिल्नेछ र आम्दानीको नयाँ बाटो खुल्न सक्छ।

**मिथुन** नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। बोलीका कारण विवाद हुनसक्ने भएकाले संयम अपनाउनु राम्रो हुनेछ।

**कर्कट** मेहनत अनुसार राम्रो परिणाम प्राप्त हुनेछ। व्यापार तथा आर्थिक क्षेत्रमा सुधार आउने संकेत छ।

**सिंह** महत्वपूर्ण काममा सफलता मिल्नेछ। नयाँ व्यक्ति वा अवसरसँगको सम्पर्क उपयोगी बन्न सक्छ।

**कन्या** कामको चाप बढे पनि उपलब्धि हात लाग्नेछ। अनावश्यक खर्च नियन्त्रण गर्नु राम्रो हुनेछ।

**तुला** सामाजिक तथा व्यावसायिक क्षेत्रमा प्रतिष्ठा बढ्नेछ। नयाँ योजना सुरु गर्न अनुकूल समय देखिन्छ।

**वृश्चिक** केही चुनौती आए पनि धैर्यले समाधान गर्न सकिनेछ। आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस।

**धनु** नयाँ अवसर प्राप्त हुनेछन्। यात्राबाट लाभ मिल्न सक्छ भने साथीभाइबाट राम्रो सहयोग पाइनेछ।

**मकर** जिम्मेवारी बढ्नेछ तर मेहनतको उचित मूल्यांकन हुनेछ। आर्थिक पक्ष सकारात्मक रहनेछ।

**कुम्भ** पुराना समस्या समाधानतर्फ जानेछन्। नयाँ काममा सफलता प्राप्त गर्न योजनाबद्ध रूपमा अघि बढ्नुहोस।

**मीन** मनमा उत्साह र आत्मविश्वास बढ्नेछ। पारिवारिक सम्बन्ध राम्रो रहनेछ र आर्थिक लाभको सम्भावना छ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२८ साउन, २०८३ (१३ अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५२.४० | १५३.०० |
| युरो | १ | १७५.७९ | १७६.४८ |
| पाउन्ड स्टिर्लङ | १ | २०५.७६ | २०६.५७ |
| स्विस फ्रैन्क | १ | १८७.८८ | १८८.६२ |
| अस्ट्रेलियन डलर | १ | १०७.५३ | १०७.९६ |
| क्यानाडियन डलर | १ | १०९.३७ | १०९.८० |
| सिङगापुर डलर | १ | ११८.९६ | ११९.४२ |
| जापानी येन | १० | ९.५७ | ९.६० |
| चिनियाँ युआन | १ | २२.५९ | २२.६८ |
| साउदी अरब रियाल | १ | ४०.५९ | ४०.७५ |
| कतारी रियाल | १ | ४१.८० | ४१.९७ |
| थाई भाट | १ | ४.५९ | ४.६१ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.५० | ४१.६६ |
| मलेसियन रिङेट | १ | ३७.२४ | ३७.३९ |
| दक्षिण कोरियन वन | १०० | १०.७६ | १०.८० |
| स्विडिस क्रोनर | १ | १६.०२ | १६.०८ |
| डेनिस क्रोनर | १ | २३.५१ | २३.६१ |
| हङकङ डलर | १ | १९.४२ | १९.५० |
| कुवेती दिनार | १ | ४९६.२६ | ४९८.२१ |
| बहराइन दिनार | १ | ४०४.१९ | ४०५.७८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।



**धर्नामा नागरिक** | काठमाडौंको माइतीघरमा विभिन्न माग राखेर सरकारको ध्यानाकर्षण गराउन धर्नामा बसेका नागरिक। *तस्विरः रासस*

# बाल सुधारगृहको विस्तृत अवस्था प्रतिवेदन पेस गर्न निर्देशन



**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको महिला तथा सामाजिक मामिला समितिले देशभर सञ्चालनमा रहेका बाल सुधार गृहको भौतिक पूर्वाधार, क्षमता, जनशक्ति तथा बालबालिकाको अवस्था समेटिएको विस्तृत प्रतिवेदन ४५ कार्यदिनभित्र पेस गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएको छ।

सिंहदरबारस्थित समितिमा बुधबार बसेको बैठकले महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई अन्य सम्बन्धित मन्त्रालय तथा निकायसँग समन्वय गरी उक्त प्रतिवेदन तयार गर्न निर्देशन दिएको हो। बैठकले मुलुकभर सञ्चालित बाल सुधार गृहमा रहेको भौतिक पूर्वाधारको अवस्था, स्वीकृत क्षमता र वास्तविक संख्या, क्षमताभन्दा बढी बालबालिका राखिएको अवस्था तथा उमेर र कसुरको प्रकृतिअनुसार उपयुक्त व्यवस्थापन भए-नभएको स्पष्ट पार्न भनेको छ।

साथै आवास तथा सरसफाइ, खानपान तथा पोषण, स्वास्थ्य सेवा, शिक्षा, मनोसामाजिक परामर्श, खेलकुद, सीप विकास, मनोरञ्जन, सुरक्षा व्यवस्था, बालमैत्री वातावरण तथा सुधार र पुनःस्थापनाका कार्यक्रमको अवस्थासमेत प्रतिवेदनमा समेट्न निर्देशन दिइएको छ। यसअघि समितिको स्थलगत अनुगमनबाट समेत कतिपय बाल सुधार गृहमा क्षमताभन्दा बढी बालबालिका राखिएको, भौतिक पूर्वाधार अपर्याप्त रहेको तथा व्यवस्थापनमा समस्या देखिएकाले सुधारका लागि समितिले अग्रसरता लिएको हो।

बाल सुधारगृहको भौतिक पूर्वाधार र मानव संसाधनको विस्तृत अवस्था, देखिएका समस्या, सुधार गर्नुपर्ने क्षेत्र तथा आवश्यक कार्ययोजनासहितको प्रतिवेदन समितिसमक्ष पेस गर्न भनिएको छ। समितिका सभापति आकृति अवस्थीको सभापतित्वमा भएको उक्त बैठकले सो मन्त्रालयलाई नेपाल सरकारको मातहतमा रहेका तथा निजी एवं संघसंस्थाबाट सञ्चालित बाल गृह, वृद्धाश्रम र महिला सुरक्षित आवास गृहको तथ्यांक संकलन गर्न सुझाव दिएको छ।

# परराष्ट्र नीतिलाई सन्तुलित र परिणाममुखी बनाउनुपर्नेमा जोड



**काठमाडौं (प्रस)–** बदलिँदो अन्तर्राष्ट्रिय तथा क्षेत्रीय परिवेशमा नेपालको परराष्ट्र नीतिको प्रभावकारी कार्यान्वयन र समसामयिक सुधारमा सरोकारवालाले जोड दिएका छन्।

नेपाल कानुन समाज र संविधान निगरानी समूहले बुधबार संयुक्तरूपमा आयोजना गरेको 'नेपालको परराष्ट्र नीतिः अवसर, चुनौती र भावी कार्यदिशा' विषयक कार्यक्रममा उनीहरूले नेपालको विशिष्ट भूराजनीतिक अवस्थिति, आर्थिक सबलता र छिमेकी राष्ट्रको बढ्दो सामरिक प्रभावकाबीच परराष्ट्र नीतिलाई थप सन्तुलित र परिणाममुखी बनाउनुपर्ने औंल्याए।

नेपालको संविधानले निर्दिष्ट गरेबमोजिम देशको भौगोलिक अवस्थिति, आर्थिक सामाजिक तथा सांस्कृतिक परिवेशका आधारमा नेपालले सदा स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्दै आएको उनीहरूको भनाइ थियो।

प्रतिनिधिसभाअन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिकी सभापति सुम्निमा उदासले असंलग्नता नै नेपालको परराष्ट्र नीतिको मुख्य आधार भएकाले छिमेकीसँग सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्नुपर्ने बताइन्। नेपाली कांग्रेसका नेता डा. प्रकाशशरण महतले आन्तरिक एकता सुदृढ गर्दै परराष्ट्र मामलामा स्वतन्त्र निर्णय गर्ने क्षमता विकास गर्नुपर्ने धारणा राखे। नेकपा एमालेका नेता डा. राजन भट्टराईले नेपालले आफ्नो राष्ट्रिय हितका आधारमा छिमेकीसँग सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्नुपर्नेमा जोड दिए।

पूर्वमुख्यसचिव शंकरदास बैरागीले 'नेपालको परराष्ट्र नीतिः चुनौती, अभ्यास र आगामी मार्गदर्शन' विषयमा कार्यपत्र प्रस्ततु गर्दै परराष्ट्र नीति र राष्ट्रिय सुरक्षा नीतिलाई एकापसमा परिपूरक हुनेगरी एकीकृत ढाँचामा अगाडि बढाउनुपर्नेमा जोड दिए। अर्का पूर्वमुख्यसचिव लीलामणि पौडेलले अन्तर्राष्ट्रिय जगतसँगको सम्बन्धलाई सन्तुलित र राष्ट्रहितको पक्षमा कायम गर्दै मुलुकको आर्थिक विकास र समृद्धिलाई अगाडि बढाउनुपर्ने बताए।

पूर्वमुख्यसचिव एकनारायण अर्यालले राष्ट्रको महत्त्वपूर्ण विषय भएकाले व्यक्ति र दल विशेषका आधारमा नभई परराष्ट्र नीतिका विषयमा छलफल गर्न विशिष्ट खालको संरचना आवश्यक भएको बताए। पूर्वपरराष्ट्रसचिव मधुरमण आचार्यले देशको परराष्ट्र नीति दल विशेषको नभई अन्तर्राष्ट्रिय सम्बन्धका आधारमा स्वतन्त्र र सन्तुलित बनाइनुपर्ने बताए।

नेपाल कानुन समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानले विश्व शान्ति, आर्थिक विकास र क्षेत्रीय सौहार्द्रतामा नेपालले जोड दिँदै आएको भए पनि राजनीतिक परिवर्तनसँगै यसका मान्यतामा केही रूपान्तरण भएको बताए।

# पत्रकारितामा एआईको प्रयोग गर्न एआईविज्ञ तामाङको सुझाव



**काठमाडौं (प्रस)–** एआईविज्ञ डा. लासाङ जिम्बा तामाङले अहिलेको अवस्थामा पत्रकारितामा एआई प्रयोग अनिवार्य रहेको बताएका छन्। तामाङ पत्रकार संघले बुधबार आयोजना गरेको साक्षात्कार कार्यक्रममा उनले एआईलाई अँगाल्नु अहिलेको आवश्यकता भएको बताएका हुन्।

एआईले अहिले संसारमा ठूलो परिवर्तन ल्याइरहेको र यसलाई प्रयोग नगर्ने पत्रकार धेरै पछि पर्ने उनले बताएका हुन्। 'अहिले एआईले धेरै नै परिवर्तन ल्याइरहेको छ। एआईलाई धेरै नै परिवर्तन ल्याइरहेको छ। तपाईंहरूले आजको दिनमा एआईलाई एडप्ट गर्न सक्नुभएन भने तपाईंहरू लोप हुन सक्छ,' डा. तामाङले भने, 'एआई प्रयोग नगरे तपाई डाइनोसर बन्नुहुन्छ।'

द युनभर्सिटी अफ मेम्फिस, अमेरिकाबाट एआई प्रविधिमा विद्यावारिधी गरेका तामाङले अहिले न्यु मिडियाले परम्परागत मिडियाको ठाउँ खोसिसकेको बताए। त्यसैले एआई प्रयोग आफूलाई स्मार्ट बनाउनका लागि भएको उनको भनाइ थियो।

'अब जसरी सोसल मिडिया आएपछि अल अफ सडेन हामीले चिन्दै नचिनेको मान्छेहरू सेलिब्रेटी भए चिन्दै नचिनेको मान्छे पनि नामी भए,' उनले भने।

कार्यक्रममा संघका सल्लाहकार अमरध्वज लामा र रमिता लामाले पनि एआईको प्रयोग अहिलेका लागि अति आवश्यक भएको बताए।

# पोखरामा ग्यासको अभाव, उपभोक्ताको सञ्चित गर्ने प्रवृत्तिले समस्या



**कास्की–** विभिन्न कम्पनीले नियमितरूपमा ग्यास बजारमा पठाइरहेको दाबी गरिरहँदा पोखरामा साउनको पहिलो सातादेखि सुरू भएको खाना पकाउने एलपी ग्यासको अभाव अझै सहज हुन सकेको छैन।

ग्यासका लागि कतिपय उपभोक्ता लामो समयदेखि पर्खाइमा छन् भने कतिपयले लाइनमा बस्दासमेत नपाएको गुनासो गरिरहेका छन्। अर्कातर्फ ग्यास कम्पनीहरूले भने विगतका वर्षको परिमाणमभन्दा बढी ग्यास आपूर्ति भइरहेको दाबी गरेका छन्। ती कम्पनीले उपभोक्ताले आवश्यकताभन्दा बढी सिलिण्डर भण्डारण गरेकाले बजारमा अभाव देखिएको जनाएका छन्। गृहलक्ष्मी ग्यास कम्पनीले गत आवको साउनमा कास्कीमा ३७ हजार सिलिण्डर बिक्री गरेकामा यस वर्ष साउन २५ गतेसम्म ४७ हजार सिलिण्डर पोखरा पठाइसकेको जनाएको छ।

विगतको तुलनामा बढी ग्यास बजारमा पठाइए पनि उपभोक्ताको लाइन भने घटेको छैन। गृहलक्ष्मी ग्यास कम्पनीका महाप्रबन्धक भीम लामिछानेले साउन ग्यासको खपत कम हुने समय भए पनि यस वर्ष गत वर्षको तुलनामा बढी सिलिण्डर बजारमा पठाउँदा पनि अभाव देखिनुको मुख्य कारण उपभोक्ताले ग्यास भण्डारण गर्नु रहेको बताए।

'साउनमा ग्यासको खपत सामान्यतया कम हुन्छ। तर यस वर्ष गत वर्षभन्दा बढी सिलिण्डर बजारमा गए पनि अभाव हटेको छैन। चाडपर्व नजिकिँदै गर्दा पछि अभाव हुन्छ कि भन्ने चिन्ताले उपभोक्ताले खाली सिलिण्डरसमेत भरेर राख्दा अहिले समस्या देखिएको हो,' उनले भने।

सरकारले मध्यपूर्वको तनावपछि ग्यास आपूर्तिलाई व्यवस्थापन गर्न करिब चार महिनासम्म बजारमा आधा सिलिण्डर ग्यास पठाउने निर्णय गरेको थियो। आधा सिलिण्डर बिक्री हुँदा बजारमा सहज अवस्था रहे पनि पूरा सिलिण्डर बिक्री सुरू भएपछि माग एक्कासि बढेको लामिछानेले बताए।

'आधा सिलिण्डर आउँदा अभाव थिएन। उपभोक्तालाई चाहिएको समयमा ग्यास पाइन्छ भन्ने विश्वास भएकाले धेरै मौज्दात पनि गर्नुभएको थिएन। तर पूरा सिलिण्डर आउन थालेपछि उपभोक्ताले ग्यास भण्डारण गर्न थाले,' उनले भने। पोखरामा गृहलक्ष्मीसहित, शक्ति, बाबा, जानकीलगायतका ग्यास कम्पनीका सिलिण्डर बिक्री हुँदै आएको छ।

कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगत बरालले १४.२ केजीको पूरा सिलिण्डर वितरण सुरू भएपछि देशभर ग्यासको माग एकैपटक बढ्दा बजारमा केही असहजता सिर्जना भएको बताए। बढ्दो माग र आपूर्तिबीच सन्तुलन कायम गर्न आपूर्ति तथा वितरण प्रणालीलाई प्रभावकारी बनाउने गरी काम भइरहेको उनले जानकारी दिए। उनले उपभोक्तालाई आवश्यकताभन्दा बढी ग्यास सिलिण्डर भण्डारण नगर्न आग्रह गरे। *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०१/२९ मा दर्ता भएको प्रा.लि.नं.२१४९१७ को **एस.बि.आइ.टी सोलुसन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०४/२८ गते**

यस कम्पनीको मिति २०८३/०३/२३ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कनेक्ट ग्लोब एजुकेशन ग्रुप प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/३१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सि.जि.इ.जि. ग्लोबल प्रा.लि. (प्रा.लि.नं. १४३४११)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

**पिउने पानी प्रशोधन तथा बोटलीङ उद्योग स्थापनाको संक्षिप्त वातावरणीय अध्ययन (BES) तयारी सम्बन्धी सार्वजनिक सूचना !!!**

(प्रकाशित मितिः २०८३/०४/२७)

विगु गाउँपालिका वडा नं. ५ र ६ मा एभरेष्ट मिनरल वाटर प्रा. लि., लाजिम्पाट, काठमाडौं द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एभरेष्ट मिनरल वाटर प्रा. लि.<br>लाजिम्पाट, काठमाडौं<br>फोन नं. +९७७-९८५१२११२११<br>इमेलः everestwaternepal@gmail.com |
| प्रस्तावको व्यहोरा | एभरेष्ट मिनरल वाटर प्रा.लि. द्वारा दोलखा जिल्लाको विगु गाउँपालिका वडा नं. ५, चिलंखामा पिउने पानी प्रशोधन तथा बोटलीङ उद्योग स्थापना गर्न लागिएको छ। यस साना उत्पादनमूलक उद्योगले २,२८० मिटर देखि ४,३५५ मिटरसम्मको उचाईमा रहेका ३ वटा हिमाली प्राकृतिक मुहानबाट १८.२११ कि.मि. पाइपलाइनमार्फत पानी ल्याई वार्षिक २ करोड लिटर शुद्ध पिउने पानी (Pure Drinking Water) उत्पादन गर्ने लक्ष्य राखेको छ। आयोजनाका लागि २५० के.भि.ए. विद्युत क्षमता, प्लान्ट फ्याक्ट्री भवन, ५०,००० लिटर प्रति ट्याङ्की क्षमता भएको ३ वटा RVT भण्डारण ट्याङ्की, गुणस्तर नियन्त्रण प्रयोगशाला, प्रशासनिक कार्यालय, कच्चा पदार्थ भण्डारण कक्ष, तथा स्टाफ क्वार्टर र गेस्ट हाउस जस्ता संरचनाहरु निर्माण गरिनेछन्। |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा. | जिल्लाः दोलखा<br>गा.पा.: विगु गाउँपालिका<br>वडा नं.: ५ र ६ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी र सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित र ाय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| एभरेष्ट मिनरल वाटर प्रा. लि.<br>लाजिम्पाट, काठमाडौं<br>फोन नं. +९७७-९८५१२११२११<br>इमेलः everestwaternepal@gmail.com | एस. डी. इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.<br>काठमाडौं, नेपाल<br>फोन नं. : +९७७-९८५१०१६६५०<br>इमेल : sdengg2008@gmail.com |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नयाँ राजनीतिको पुरानै चरित्र

**नेपालको संसदीय इतिहासमा 'हाजिर गऱ्यो, भत्ता पकायो र खुसुक्क उम्कियो' भन्ने प्रवृत्ति नयाँ होइन । पुराना भनिएका परम्परागत राजनीतिक दलहरूका सांसदमा देखिएको यो गैरजिम्मेवार र लज्जास्पद व्यवहारले संसद्लाई पटक–पटक बन्धक बनाउँदै आएको थियो । तर परिवर्तन, सुशासन र नयाँ राजनीतिक संस्कृतिको जगमा स्थापना भएको र प्रतिनिधिसभामा एक्लै १८२ सिटसहित भारी बहुमत बोकेर सरकार चलाइरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरू पनि तिनै पुराना दलका नेताहरूकै पछाडि लागेर सोही गलत प्रवृत्ति पछ्याउनु अत्यन्तै विडम्बनापूर्ण छ ।**

**मंगलबार दिउँसो १ बजेदेखि राति सवा ८ बजेसम्म चलेको प्रतिनिधिसभा बैठकमा उद्योगमन्त्री गौरी कुमारीले प्रस्तुत गरेको 'खानी तथा खनिज पदार्थ विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव निर्णयार्थ पेस हुनै सकेन । कारण थियो– गणपूरक संख्या नपुग्नु । नेपालको संविधानको धारा ९४ ले प्रस्टरूपमा कुनै पनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेस गर्दा प्रतिनिधिसभाको कूल सदस्य संख्याको एक चौथाइ अर्थात् ६९ जना सांसद उपस्थित हुनुपर्ने व्यवस्था गरेको छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सचेतक निश्कल राईले गणपूरक संख्यामाथि प्रश्न उठाएपछि सभामुख डिपी अर्यालले तीन मिनेट घण्टी बजाएर सांसदहरूको संख्या गणना गराउँदा बैठकमा जम्मा ६१ जनामात्रै सांसद फेला परे । जबकि, मंगलबार बैठक सुरु हुँदा २२० जनाभन्दा बढी सांसद उपस्थित थिए ।**

**सत्तारुढ दल रास्वपासँग मात्रै १८२ जना सांसद छन् । यदि सत्तापक्षका एकतिहाइ सांसदमात्रै पनि इमानदार भएर आफ्नो संसदीय जिम्मेवारीमा बसिदिएका भए गणपूरक संख्याको अभावमा देशको महत्त्वपूर्ण विधेयक नै अड्किने स्थिति आउने थिएन । आफ्नै मन्त्रीले सदनमा पेस गरेको विधेयकमाथि छलफल भइरहँदा सत्तारुढ दलका सांसदहरू नै हाजिर गरेर हिँड्नुले उनीहरूको गैरजिम्मेवारीपन र संसदीय अभ्यासप्रतिको उदासीनतालाई नांगो पारेको छ ।**

**संसद् कुनै राजनीतिक भाषण गर्ने चौतारी वा भत्ता बुझ्ने थलोमात्र होइन । यो देशको नीति, नियम र कानुन निर्माण गर्ने सर्वोच्च जनप्रतिनिधिमूलक संस्था हो । जनताले आफूलाई परेका सास्ती र राष्ट्रिय सरोकारका विषयमा सदनमा बहस होस् र कानुन बनोस् भनेर सांसदहरूलाई चुनेर पठाएका हुन् । तर, सांसदहरू भने सदनमा हाजिर गरेर आफ्ना व्यक्तिगत काम वा बैठकबाहिर ढोकाढोकामा गफिएर बस्ने रोगबाट मुक्त हुन सकेका छैनन् ।**

**विशेषगरी 'हामी फरक छौं' भनेर जनतामाझ नयाँ आशा र भरोसा दिलाएर भारी बहुमतसहित शक्तिमा पुगेको रास्वपाका लागि यो घटना नैतिक पराजय हो । पुराना दलहरूको कार्यशैलीको कटु आलोचना गर्दै उदाएको दलले सत्तामा पुगेपछि उही शैली, संस्कार र कमजोरी दोहोऱ्याउनुले भनाइ र गराइमा ठूलो भिन्नता रहेको प्रस्ट पार्छ । जनताले रास्वपालाई पुरानाकै पदचाप पछ्याउन होइन, नयाँ र अनुशासित संसदीय नजिर बसाल्न मत दिएका हुन् ।**

**गणपूरक संख्या नपुगेर बैठक स्थगित हुनु केवल प्रक्रियागत ढिलाइमात्र होइन, राज्यको स्रोत र साधनको दुरूपयोग पनि हो । बैठक सञ्चालनका लागि हुने सरकारी खर्च र समयको बर्बादीको जवाफदेही को हुने ? त्यसैले, अब केवल सभामुखले बैठक स्थगित गरेर पुग्दैन । हाजिर गरेर बैठक छाड्ने 'भगौडा' सांसदहरूमाथि कडा कारबाही गर्ने र भत्ता कटौती गर्नेसम्मको कानुनी तथा नैतिक व्यवस्था लागू गर्नुपर्छ ।**

## श्रम सरोकार

# साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

### आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

# बाध्यताको परदेश यात्रा



❑ सरोज चौलागाई

“ आज विदेश जाने नेपालीको सबैभन्दा ठूलो सपना 'कमाइ' हो । भोलि त्यो सपना 'सीप' पनि बन्न सक्छ । त्यसपछि 'लगानी' बन्न सक्छ । र, अन्ततः 'स्वदेशमा अवसर सिर्जना गर्ने शक्ति' बन्न सक्छ । विदेशमा कमाएर फर्किएका युवाले यदि नेपालमा पाँच जनालाई रोजगारी दिन सक्छ भने उसको विदेश यात्रा केवल व्यक्तिगत कथा रहँदैन । त्यो राष्ट्रिय अर्थतन्त्रको कथा बन्छ ।

नेपालका अधिकांश गाउँहरू सुनसान र रित्ता बन्दै गएका छन् । सहर पसेका युवाका पाइलाहरू गाउँतिर फर्किन छाडेका छन्; बरू ती पाइलाहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलतिर मोडिएर परदेशी भूमिमा हराउन पुग्छन् । उनीहरूको हातमा एउटा राहदानी, झोलामा केही जोर कपडा, अनि मनमा सिंगो परिवारको उज्ज्वल सपना हुन्छ । बिदाइको समयमा आमाको आँखामा खसेका अश्रुधारा र बुबाको अनुहारमा छाएको मौन आशाले त्यो वातावरणलाई निकै भावुक बनाउँछ ।

बाहिरबाट हेर्दा यो केवल एउटा सामान्य यात्रा वा बिदाइजस्तो देखिन सक्छ । तर, एउटा सामान्य परिवारका लागि यो यात्रामात्र होइन- आफ्नो घर र भविष्यसँग गरिएको एउटा ठूलो सम्झौता हो । यो त टाउकोमा थुप्रिएको ऋणको भारीसँगको लडाइँ हो, छोराछोरीको राम्रो शिक्षाको जोडबल हो, अनि बिरामी आमाबुबाको उपचार खोज्ने विवशता हो । कतिपयका लागि त परिवारलाई भोक र अभावबाट जोगाउने अन्तिम सहारा नै त्यही वैदेशिक यात्रा बनेको छ ।

वैदेशिक रोजगारको कथा यहीँबाट सुरु हुन्छ । यस कथामा विमानस्थल छ, राहदानी छ, भिसा छ, रोजगारीको सम्झौता छ । तर यी कागजी प्रक्रियाभन्दा धेरै ठूलो कुरा पनि छ- नेपाली परिवारको आर्थिक यथार्थ । हामीले विदेश जाने नेपालीलाई धेरैपटक 'विदेसिन लागेको युवा' भनेरमात्र चिन्यौं । तर उसको पछाडि रहेको परिवारलाई, उसको निर्णयको बाध्यतालाई र उसले बोकेको जिम्मेवारीलाई कति गहिराइमा बुझ्यौं ? यो प्रश्न आज पनि उत्तिकै सान्दर्भिक छ ।

## बाध्यताको कथा

नेपालका अधिकांश गाउँमा अहिले पनि बिहानको घामसँगै खेतमा मानिसहरू देखिन्छन् । तर कृषिमात्र गरेर परिवार चलाउन सकिने अवस्था सबै ठाउँमा छैन । जमिन टुक्रिँदै गएको छ । उत्पादनको लागत बढेको छ । बजारको अनिश्चितता छ । गाउँमा रोजगारीका अवसर सीमित छन् ।

शिक्षित युवा गाउँमा बस्न चाहन्छ भने उसलाई अवसर चाहिन्छ । उसले काम खोज्छ । काम पाए पनि आफ्नो श्रमको उचित मूल्य खोज्छ । जब उसले त्यो मूल्य आफ्नै देशमा भेट्दैन, उसको नजर बाहिरतिर जान्छ । त्यसपछि विदेश एउटा सपना बन्छ । तर त्यो सपना सधैं चम्किलो हुँदैन ।

विदेश जाने धेरै युवाको मनमा उत्साहसँगै डर हुन्छ । अपरिचित भाषा, नयाँ समाज, कठोर काम, परिवारबाट दूरी र भविष्यको अनिश्चितता- यी सबै कुरा उसले मनभित्र बोकेको हुन्छ । त्यसैले विदेश जाने प्रत्येक नेपालीलाई केवल 'कमाउन गएको मान्छे' भनेर बुझ्नु उसको जीवनको गहिराइलाई नबुझ्नु हो । ऊ वास्तवमा आफ्नो परिवारको आर्थिक जोखिम कम गर्न गएको हुन्छ । उसले आफ्नो वर्तमानलाई भविष्यको सुरक्षाका लागि सुम्पिएको हुन्छ ।

## रेमिट्यान्सको पछाडि लुकेको पसिनाको मूल्य

नेपालमा रेमिटयान्सको चर्चा हुँदा हामी प्रायः ठूला आर्थिक तथ्यांक हेर्छौं । कति रकम भित्रियो, अर्थतन्त्रमा कस्तो प्रभाव पऱ्यो, विदेशी मुद्रा सञ्चिति कति भयो आदि ।

तर एउटा तथ्यांकभित्र एउटा मान्छेको कथा लुकेको हुन्छ । त्यो रकम पठाउने मान्छे कुनै तथ्यांक होइन । ऊ कसैको छोरा हो । कसैको श्रीमान् हो । कसैको बुबा हो । कसैको दाजु वा भाइ हो ।

उसले पठाएको प्रत्येक रकमसँग उसको श्रम जोडिएको हुन्छ । कहिलेकाहीँ त्यो श्रमसँग पसिनामात्र होइन, थकान, निद्रा, एक्लोपन र घर सम्झिएको पीडा पनि मिसिएको हुन्छ । नेपालमा एउटा घरको छानो फेरिँदा हामी सिमेन्ट र फलाम देख्छौं । तर त्यो घर बनाउने पैसाको पछाडि कतारको तातो घाम, मलेसियाको कारखाना, साउदीको मरुभूमि वा खाडीको कुनै निर्माणस्थलमा बितेको एउटा नेपालीको दिन पनि हुन सक्छ । त्यसैले रेमिटयान्सलाई रकममात्र मान्नु हुँदैन । त्यो श्रमको परिणाम हो ।

## एउटा परिवारबाट राष्ट्रसम्म

विदेशबाट आएको पैसा सुरुमा परिवारमा पुग्छ । त्यसबाट घरखर्च चल्छ । बच्चाको विद्यालय शुल्क तिरिन्छ । बिरामीको उपचार हुन्छ । ऋण तिरिन्छ । घर बन्छ । पसल खुल्छ । खेतमा लगानी हुन्छ ।

तर त्यो पैसा त्यही घरभित्र मात्र बन्द हुँदैन । विद्यालयले शुल्क पाउँछ । पसलले व्यापार पाउँछ । निर्माण मजदुरले काम पाउँछन् । डिलरले सामान बेच्दछ । यातायात व्यवसायीले आम्दानी गर्छ । बैंकिङ प्रणालीमा रकम घुम्छ । यसरी एउटा नेपाली श्रमिकको विदेशमा कमाएको आम्दानीले नेपालभित्र धेरै मानिसको आर्थिक गतिविधिलाई छोइरहेको हुन्छ । यही कारण वैदेशिक रोजगारलाई व्यक्तिगत रोजगारीको विषयमात्र बनाएर हेर्न मिल्दैन । यो राष्ट्रिय अर्थतन्त्रसँग गाँसिएको विषय हो । तर के रेमिटयान्स नै नेपालको भविष्य हो ?

यहाँ अर्को कठोर प्रश्न उठ्छ । के नेपाल सधैं आफ्ना युवालाई विदेश पठाएर अर्थतन्त्र चलाउन सक्छ ? सायद सक्दैन ।

र, यहीँबाट हाम्रो राज्यको अर्को जिम्मेवारी सुरु हुन्छ । विदेशमा जाने बाटो बन्द गर्ने होइन । विदेश जानुपर्ने बाध्यता घटाउने हो । त्यसका लागि देशभित्र रोजगारी सिर्जना गर्नुपर्छ । उद्योग स्थापना गर्नुपर्छ । कृषि उत्पादनलाई बजारसँग जोड्नुपर्छ । पर्यटनको सम्भावनालाई व्यवसायमा बदल्नुपर्छ । सूचना प्रविधि र नयाँ अर्थतन्त्रका क्षेत्रमा युवालाई अवसर दिनुपर्छ ।

तर देशभित्र पर्याप्त रोजगारी सिर्जना हुने दिन आउन अझ समय लाग्छ । त्यो समयसम्म विदेशमा जाने नेपालीलाई असुरक्षित र अव्यवस्थित यात्रामा धकेल्नु समाधान होइन । बरू वैदेशिक रोजगारलाई सुरक्षित, पारदर्शी र मर्यादित बनाउनु आवश्यक छ ।

## वैदेशिक रोजगार व्यवसायी

श्रमिक र विदेशी रोजगारदाताबीचको सम्बन्ध सधैं प्रत्यक्ष हुँदैन । कानुनी प्रक्रिया, रोजगारदाताको माग, श्रमिकको छनोट, कागजात, करार, भिसा, स्वास्थ्य परीक्षण, यात्रा र अन्य अनेक चरण हुन्छन् । यस प्रक्रियामा वैदेशिक रोजगार व्यवसायीको भूमिका जोडिन्छ । व्यवसायीलाई देवदूत बनाउन आवश्यक छैन । उनीहरू व्यवसाय गर्छन् । व्यवसायमा नाफा पनि हुन्छ । त्यसैले उनीहरूलाई प्रश्न गर्न पाइन्छ ।

तर प्रश्न गर्नु र सबैलाई दोषी ठहर गर्नु फरक कुरा हो । कुनै व्यवसायीले गलत गरेको छ भने अनुसन्धान होस् । प्रमाणित भए कारबाही होस् । तर एउटा व्यक्तिको गल्तीलाई सम्पूर्ण व्यवसायमाथि लगाउनु न्यायको सिद्धान्तसँग मेल खाँदैन ।

## व्यवसायीको जिम्मेवारी

राज्यलाई प्रश्न गर्दै गर्दा व्यवसायीले पनि आफूलाई प्रश्न गर्नुपर्छ । श्रमिकलाई वास्तविक कुरा बताइएको छ कि छैन ? रोजगारीको प्रकृति स्पष्ट पारिएको छ कि छैन ? सम्झौतामा लेखिएको तलब र व्यवहारमा पाउने तलब एउटै छ कि छैन ? श्रमिकबाट लिइएको रकमको हिसाब पारदर्शी छ कि छैन ? विदेश पुगेपछि समस्या परेका श्रमिकलाई सहयोग गरिएको छ कि छैन ?

यदि यी प्रश्नको उत्तर कमजोर छ भने व्यवसायी क्षेत्रले आत्मसुधार गर्नैपर्छ । व्यवसायको स्वतन्त्रता र श्रमिकको अधिकार एकअर्काका विरोधी होइनन् । बरु जिम्मेवार व्यवसायले नै दीर्घकालीनरूपमा आफ्नो प्रतिष्ठा निर्माण गर्छ ।

## राज्यको हातमा डण्डामात्र होइन

राज्यको काम नियमन गर्नु हो । तर राज्यको हातमा केवल कारबाहीको डण्डा भयो भने प्रणालीमा डर त आउन सक्छ, विश्वास आउँदैन । विश्वासका लागि संवाद चाहिन्छ । व्यवसायीलाई समस्या छ भने उसले सरकारसमक्ष भन्न पाउनुपर्छ । श्रमिकलाई समस्या छ भने उसले आफ्नो कुरा राख्न पाउनुपर्छ । सरकारी कर्मचारीलाई कार्यान्वयनमा कठिनाइ छ भने त्यो पनि नीति निर्मातासम्म पुग्नुपर्छ । नीति बनाउने र नीति कार्यान्वयन गर्नेबीच दूरी भयो भने राम्रो नीति पनि व्यवहारमा असफल हुन्छ । त्यसैले राज्यले सुन्ने संस्कार विकास गर्न आवश्यक छ ।

## सरल र प्रभावकारी नियम

कानुनविहीन समाज चल्दैन । त्यसैगरी अत्यधिक जटिल प्रक्रियाले पनि स्वस्थ प्रणाली निर्माण गर्दैन । एउटा सामान्य कामका लागि अनेक कार्यालय धाउनुपर्ने, एउटै कागज पटक-पटक बुझाउनुपर्ने र सानो प्रक्रियागत कमजोरीका कारण महिनौं काम रोकिने अवस्था भयो भने त्यसले व्यवसायीलाई मात्र होइन, श्रमिकलाई पनि असर गर्छ । त्यसैले अब प्रश्न 'नियम कति धेरै बनाउने ?' भन्ने होइन ।

प्रश्न हो- 'नियम कति स्पष्ट र प्रभावकारी बनाउने ?' सरल प्रक्रिया आफैंमा कमजोरी होइन । यदि प्रविधिको प्रयोग गरेर कामलाई छिटो, सुरक्षित र पारदर्शी बनाउन सकिन्छ भने त्यसतर्फ राज्यले जानुपर्छ ।

## समस्या समाधानमा प्रविधिको उपयोग

आज संसार डिजिटल भइसकेको छ । श्रमिकको विवरणदेखि रोजगार सम्झौतासम्म डिजिटल प्रणालीमा राख्न सकिन्छ । शुल्क र प्रक्रियाको जानकारी सार्वजनिक गर्न सकिन्छ । आवेदनको अवस्था मोबाइलबाट हेर्न सकिने व्यवस्था गर्न सकिन्छ । यसले बिचौलियाको भूमिका घटाउन सक्छ । अनावश्यक कागजी झन्झट कम गर्न सक्छ । श्रमिकलाई आफ्नो अधिकारबारे जानकारी दिन सक्छ । सरकारलाई अनुगमन गर्न सजिलो बनाउन सक्छ । व्यवसायीलाई पनि आफ्नो काम व्यवस्थित गर्न सहयोग पुऱ्याउन सक्छ ।

प्रविधि प्रयोग गरेर पारदर्शिता बढाउन सकिन्छ भने पुरानो शैलीको झन्झट किन कायम राख्ने ? यो प्रश्न राज्यले आफैंलाई गर्नुपर्छ ।

## श्रमिकको सुरक्षा पहिलो सर्त

विदेश जाने मानिस अन्ततः श्रमिक हो । उसको अधिकार सुरक्षित भएन भने सम्पूर्ण प्रणालीको सफलता अधुरो हुन्छ । रोजगार सम्झौता स्पष्ट हुनुपर्छ । कामको प्रकृति जानकारी गराउनुपर्छ । तलब र सुविधा सुनिश्चित हुनुपर्छ । कार्यस्थल सुरक्षित हुनुपर्छ । समस्या परेमा कानुनी र कूटनीतिक सहयोग पाउनुपर्छ । विदेशमा अलपत्र परेको नेपाली नागरिकले 'अब के गर्ने ?' भनेर एक्लै सोच्नुपर्ने अवस्था आउनु हुँदैन । उसलाई राज्य छ भन्ने अनुभूति हुनुपर्छ ।

## दूतावासको भूमिका

विदेशमा नेपाली नागरिकका लागि दूतावास केवल कागजी कार्यालय होइन । त्यो संकटको बेला आशाको ठाउँ हुनुपर्छ । तलब रोकियो भने कहाँ जाने ? रोजगारदाताले सम्झौता उल्लंघन गऱ्यो भने कसलाई सम्पर्क गर्ने ? कानुनी समस्या आयो भने कसरी सहयोग लिने ? अस्पतालमा समस्या परेमा के गर्ने ? यस्ता विषयमा विदेश जाने बेलामै श्रमिकलाई जानकारी दिनुपर्छ । राज्यको उपस्थिति विमानस्थलमा श्रम स्वीकृति दिने क्षणमामात्र होइन, श्रमिकको सम्पूर्ण वैदेशिक यात्राभरि अनुभूत हुनुपर्छ ।

## सीपको आवश्यकता

विश्व श्रमबजारमा अब केवल 'मान्छे'को माग छैन । 'सीप भएको मान्छे'को माग छ । नेपालले पनि आफ्नो रणनीति बदल्नुपर्छ । आज हामीले ठूलो संख्यामा श्रमिक पठाउने लक्ष्य राख्नुको सट्टा दक्ष श्रमिक पठाउने लक्ष्य राख्नुपर्छ । इलेक्ट्रिसियन, प्लम्बर, मेकानिक, वेल्डर, हेभी इक्विपमेन्ट अपरेटर, स्वास्थ्यकर्मी, होटल व्यवस्थापन, सूचना प्रविधिलगायतका क्षेत्रमा दक्षता बढाउन सकिन्छ । सीप बढेपछि श्रमिकको मूल्य बढ्छ । मूल्य बढेपछि आम्दानी बढ्छ । आम्दानी बढेपछि परिवार र अर्थतन्त्र दुवैलाई लाभ हुन्छ ।

त्यसो त तालिम केन्द्र खोलेर प्रमाणपत्र बाँड्नुमात्र पर्याप्त हुँदैन । विदेशी रोजगार बजारले चाहेको सीप सिकाउनुपर्छ । तालिमको गुणस्तर जाँच्नुपर्छ । अन्तर्राष्ट्रिय मापदण्डअनुसार परीक्षा लिनुपर्छ । विदेशी कम्पनीले स्वीकार गर्ने प्रमाणपत्र र दक्षता प्रणाली विकास गर्नुपर्छ । यसरी नेपालले श्रम निर्यातलाई गुणस्तरीय बनाउन सक्छ ।

## विदेशबाट फर्किएका नेपाली पनि सम्पत्ति

हामीले एउटा कुरा धेरै कम सम्झन्छौं- विदेश गएर फर्किएको नेपालीसँग पैसामात्र हुँदैन । ऊसँग अनुभव हुन्छ । उसले काम गर्ने तरिका देखेको हुन्छ । उसले नयाँ प्रविधि देखेको हुन्छ । उसले समय व्यवस्थापन सिकेको हुन्छ । उसले विभिन्न संस्कृतिसँग काम गर्न सिकेको हुन्छ । यस्तो जनशक्तिलाई नेपालले उपयोग गर्न सक्नुपर्छ । फर्किएका युवालाई फेरि विदेश जान बाध्य बनाउने होइन, उनीहरूको अनुभव नेपालमा लगानी गर्न प्रेरित गर्नुपर्छ ।

विदेशबाट आएको पैसा धेरैपटक घर, जग्गा र उपभोगमा केन्द्रित हुन्छ । यसलाई दोष दिन मिल्दैन । परिवारको पहिलो आवश्यकता पूरा गर्नु स्वाभाविक हो । तर राज्यले यस्तो वातावरण बनाउन सक्छ जहाँ विदेशबाट कमाएको केही पैसा उत्पादनशील क्षेत्रमा लगानी गर्न आकर्षक होस् । सानो उद्योग खोल्ने । कृषिमा आधुनिक प्रविधि भित्र्याउने । पर्यटन व्यवसाय सुरु गर्ने । स्थानीय उत्पादन बढाउने । डिजिटल व्यवसायमा लगानी गर्ने । यस्ता क्षेत्रमा प्रोत्साहन पाएमा रेमिटयान्सले उपभोगमात्र होइन, उत्पादन पनि बढाउन सक्छ ।

## गाउँको बदलिँदो अनुहार

नेपालका गाउँहरूमा विदेशको प्रभाव स्पष्ट देखिन्छ । कुनै घरको छानो फेरिएको छ । कुनै घरमा नयाँ कोठा थपिएको छ । कुनै परिवारले छोराछोरीलाई सहरमा पढाउन पठाएको छ । कसैले मोटरसाइकल किनेको छ । कसैले पसल खोलेको छ । कसैले जग्गा किनेको छ । यी सबै परिवर्तनलाई एउटै दृष्टिले हेर्न मिल्दैन । कतिपय लगानी उत्पादनशील छन्, कतिपय उपभोगमुखी । तर एउटा कुरा अस्वीकार गर्न सकिँदैन- परदेशको श्रमले गाउँको अर्थतन्त्रमा ठूलो परिवर्तन ल्याएको छ ।

## राज्यलाई प्रश्न

यदि वैदेशिक रोजगार देशको अर्थतन्त्रसँग यति गहिरोसँग जोडिएको छ भने राज्यले यस क्षेत्रलाई कस्तो दृष्टिले हेर्ने ? केवल समस्या भएको क्षेत्र ? केवल नियमन गर्नुपर्ने क्षेत्र ? कि सम्भावना भएको राष्ट्रिय क्षेत्र ?

उत्तर तेस्रो हुनुपर्छ । नियमन आवश्यक छ । तर त्यससँगै सहकार्य पनि आवश्यक छ । राज्यले निजी क्षेत्रको क्षमता प्रयोग गर्नुपर्छ । व्यवसायीले राज्यको नियम पालना गर्नुपर्छ । श्रमिकको हितलाई केन्द्रमा राख्नुपर्छ । यही त्रिकोणले स्वस्थ प्रणाली बनाउँछ ।

## प्रधानमन्त्रीसँग केही सीधा प्रश्न

सम्माननीय प्रधानमन्त्रीज्यू, देशका हजारौं परिवार वैदेशिक रोजगारसँग जोडिएका छन् । लाखौं नेपाली विदेशमा श्रम गरिरहेका छन् । अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा उनीहरूको आम्दानीसँग जोडिएको छ । यस्तो अवस्थामा राज्यले यस क्षेत्रलाई अझ व्यवस्थित बनाउने जिम्मेवारी लिनुपर्दैन ?

यदि पर्छ भने व्यवसायीका वास्तविक समस्या सुन्ने समय आएको छैन ? श्रमिकका गुनासा प्रत्यक्ष सुन्ने व्यवस्था गर्नुपर्ने होइन ? सरकारी प्रक्रियालाई प्रविधिमैत्री बनाउनुपर्ने होइन ? नीति निर्माण गर्दा व्यवसायी र श्रमिक दुवैलाई एउटै टेबलमा राख्नुपर्ने होइन ?

यी प्रश्न कसैलाई चुनौती दिनका लागि होइनन् । यी प्रश्न समाधान खोज्नका लागि हुन् । राज्य र व्यवसायीबीचको दूरी घटाउनुपर्छ सरकारले व्यवसायीलाई शंकाको नजरलेमात्र हेर्ने र व्यवसायीले सरकारलाई अवरोध गर्ने निकायका रूपमामात्र हेर्ने हो भने विश्वासको सम्बन्ध बन्न सक्दैन । दुवै पक्षले आफ्नो भूमिकाको सीमालाई बुझ्नुपर्छ । राज्य मालिक होइन, नियामक हो । व्यवसायी राज्यको विकल्प होइन, निजी क्षेत्रको साझेदार हो । श्रमिक कुनै वस्तु होइन, अधिकार भएको नागरिक हो । यो आधारभूत समझदारीबाट मात्रै नयाँ सम्बन्ध सुरु हुन सक्छ ।

## दोषीलाई कारबाही, निर्दोषलाई सम्मान

न्यायको सरल सिद्धान्त यही हो । गलत गर्नेले सजाय पाउनुपर्छ । सही गर्नेले सम्मान पाउनुपर्छ । वैदेशिक रोजगार क्षेत्रमा पनि यही हुनुपर्छ । यदि कुनै व्यवसायीले श्रमिक ठगेको छ भने प्रमाणका आधारमा कारबाही होस् । यदि कुनै व्यवसायीले नियमअनुसार काम गरेको छ भने उसको कामलाई अनावश्यक शंकाको घेरामा नराखियोस् । यसले व्यवसायमा पनि जिम्मेवारी बढाउँछ र राज्यप्रतिको विश्वास पनि ।

## व्यवसायीको संरक्षण किन ?

'व्यवसायीको संरक्षण' भन्ने शब्द सुन्दा कतिपयलाई गलत अर्थ लाग्न सक्छ । तर यहाँ संरक्षण भन्नाले कानुन उल्लंघन गर्नेलाई जोगाउनु होइन । व्यवसाय गर्न पाउने संवैधानिक र कानुनी वातावरण सुनिश्चित गर्नु हो । स्पष्ट नियम हुनु । अनावश्यक हस्तक्षेप नहुनु । निष्पक्ष छानबिन हुनु । दोषी र निर्दोषबीच फरक गरिनु । यही नै वास्तविक संरक्षण हो ।

कहिलेकाहीँ यस्तो देखाइन्छ कि श्रमिकको हितको कुरा गर्दा व्यवसायीको हितविरुद्ध बोल्नुपर्छ । यो गलत द्वन्द्व हो । राम्रो व्यवसायीले श्रमिकको हितमै आफ्नो व्यवसायको भविष्य देख्छ । श्रमिक सुरक्षित भयो भने व्यवसायको विश्वास बढ्छ । रोजगारदाता सन्तुष्ट भयो भने व्यवसायको प्रतिष्ठा बढ्छ । राज्य सन्तुष्ट भयो भने कानुनी वातावरण स्थिर हुन्छ । यसरी सबैको हित आपसमा जोडिएको छ ।

## अबको बाटो

हामीसँग दुईवटा विकल्प छन् । पहिलो, वैदेशिक रोजगारलाई निरन्तर शंकाको विषय बनाउने, व्यवसायी र राज्यबीच दूरी बढाउने र समस्या आएपछि मात्र प्रतिक्रिया दिने । दोस्रो, समस्यालाई स्वीकार गर्ने, दोषीलाई कारबाही गर्ने, सही व्यवसायलाई प्रोत्साहन गर्ने र सम्पूर्ण प्रणालीलाई सुधार गर्ने । यीमध्ये दोस्रो बाटो नै परिपक्व बाटो हो ।

अब सरकार, व्यवसायी र श्रमिकबीच एउटा नयाँ सामाजिक सम्झौताको आवश्यकता छ । सरकारले पारदर्शी नीति दिने । व्यवसायीले जिम्मेवार व्यवसाय गर्ने । श्रमिकले वैधानिक प्रक्रियामा विश्वास गर्ने । विदेशी रोजगारदातासँग श्रम अधिकारको सम्मान सुनिश्चित गर्ने । दूतावासले संकटमा प्रभावकारी सेवा दिने । र, सबै पक्षले आफ्नो जिम्मेवारी स्वीकार गर्ने ।यस्तो सम्झौताले वैदेशिक रोजगारलाई नयाँ दिशामा लैजान सक्छ ।

आज विदेश जाने नेपालीको सबैभन्दा ठूलो सपना 'कमाइ' हो । भोलि त्यो सपना 'सीप' पनि बन्न सक्छ । त्यसपछि 'लगानी' बन्न सक्छ । र, अन्ततः 'स्वदेशमा अवसर सिर्जना गर्ने शक्ति' बन्न सक्छ । विदेशमा कमाएर फर्किएका युवाले यदि नेपालमा पाँच जनालाई रोजगारी दिन सक्छ भने उसको विदेश यात्रा केवल व्यक्तिगत कथा रहँदैन । त्यो राष्ट्रिय अर्थतन्त्रको कथा बन्छ ।



**पहिरोको जोखिममा बस्ती** | ओखलढुंगाको सिद्धिचरण नगरपालिका–५ को डाँडाखर्कस्थित सिस्ने खोलाको कटान र पहिरो आएपछि डाँडाखर्क गाउँका बस्ती जोखिममा। दुई दशकदेखि निरन्तर झरिरहेको पहिरोले विशाल आकार लिएपछि यहाँका पाँच घरका स्थानीय विस्थापित हुने अवस्थामा पुगेका छन्। *तस्बिरः रासस*

# बूढीगंगाको १५ शय्याको अस्पताल निर्माण अलपत्र

**बाजुरा–** बाजुराको बूढीगंगा नगरपालिकामा निर्माणाधीन १५ शयाको अस्पताल पाँच वर्षदेखि अलपत्र परेको छ। निर्माण सम्पन्न गर्ने म्याद सकिएको लामो समय बितिसक्दा पनि अस्पतालको भवन निर्माणले गति लिन सकेको छैन।

नगरपालिकाले २०७८ कात्तिक २२ गते स्काई निशान अधिकारी जेभीसँग १८ करोड ८४ लाख ९४ हजार रूपैयाँमा अस्पताल निर्माणको ठेक्का सम्झौता गरेको थियो। सम्झौताअनुसार २०८० भदौ २० गतेभित्र निर्माण सम्पन्न हुनुपर्ने थियो। तोकिएको समय सकिएको लामो समय बितिसक्दा पनि हालसम्म १० प्रतिशतभन्दा कममात्र काम भएको नगरपालिकाका प्राविधिकले बताएका छन्।

निर्माण कम्पनीलाई पटक-पटक म्याद थप गरिए पनि काममा अपेक्षित प्रगति हुन सकेको छैन। कम्पनीले दुई करोड ६० लाख रूपैयाँ पेस्की र काम गरेबापत एक करोड १८ लाख रूपैयाँ गरी हालसम्म तीन करोड ७८ लाख रूपैयाँ भुक्तानी लिएको छ। तर त्यसअनुसारको भौतिक प्रगति हुन नसकेको नगरपालिकाका प्राविधिकको भनाइ छ।



अस्पताल निर्माण भइरहेको स्थान भौगोलिकरूपमा भिरालो र पहिरोको जोखिममा रहेको भन्दै स्थानीयवासीले सुरूदेखि नै विरोध गर्दै आएका थिए। अस्पताल निर्माणस्थलको माथिल्लो भागमा रहेका चार परिवारसमेत विस्थापित भएका छन्।

अस्पतालको जग खन्ने क्रममा माथिल्लो भागमा पहिरोको जोखिम बढेपछि चार परिवारलाई विस्थापित गर्नुपरेको नगरप्रमुख रामबहादुर बानियाँले बताए। उनका अनुसार अस्पताल निर्माणका लागि करिब ५० मिटर चौडाइ र १०० मिटर लम्बाइको जग्गा आवश्यक पर्ने भए पनि छनोट गरिएको स्थान भिरालो र जोखिमपूर्ण छ।

'यो ठाउँमा अस्पताल बनाउन हुँदैन, उपयुक्त स्थान खोज्नुपर्छ' भन्ने प्रस्ताव आफू नगरप्रमुख भएपछि बसेको पहिलो कार्यपालिका बैठकमै राखेको नगरप्रमुख बानियाँले बताए। निर्माण कम्पनीलाई सहज वातावरण बनाउन नगरपालिकाले डोजर र टिपरसहित आवश्यक सहयोग उपलब्ध गराए पनि कम्पनीले नगरपालिकालाई तिर्नुपर्ने करिब १८ लाख रूपैयाँ अझै नतिरेको नगरप्रमुख बानियाँले बताए। पटक-पटक ताकेता गर्दै निर्माणको म्यादसमेत थप गरिएको उनले जानकारी दिए। पछिल्लोपटक ३६ लाख रूपैयाँ भुक्तानी लिएपछि निर्माण कम्पनीले २०८३ साल मंसिर मसान्तभित्र काम सम्पन्न गर्ने लिखित कार्ययोजना नगरपालिकालाई बुझाएको थियो। तर, रकम लिएपछि मुख्य ठेकेदार निशान कम्पनीका प्रतिनिधि सम्पर्कविहीन भएको नगरप्रमुख बानियाँले बताए।

स्वास्थ्यकर्मी दीपक शाहका अनुसार निर्माण कम्पनीले तीन करोड रूपैयाँभन्दा बढी भुक्तानी लिइसके पनि अस्पताल निर्माणको अवस्था अत्यन्त कमजोर छ। भवन निर्माणको काम छिटो अघि बढाउन नगरपालिकालाई पटक-पटक आग्रह गरे पनि अपेक्षित प्रगति हुन नसकेको उनले बताए। बूढीगंगासँगै 'एक पालिका, एक अस्पताल' कार्यक्रमअन्तर्गत निर्माण सुरू भएका जिल्लाका गौमुल र जगन्नाथ गाउँपालिकाका अस्पताल भने निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन्। *रासस*

# कोरोला नाका जोड्ने घमी खोला पुल निर्माण सम्पन्न



**मुस्ताङ–** उत्तर-दक्षिण व्यापारिक मार्ग विस्तार आयोजनाअन्तर्गत जोमसोम-कोरोलानाका जोड्ने मुस्ताङको लो घेकर दामोदरकुण्ड गाउँपालिका-२ स्थित घमी खोलामा निर्माणाधीन पक्की मोटरेबल पुल सम्पन्न भएको छ।

आयोजनाका अनुसार हालसम्म पर्वतको मालढुंगादेखि मुस्ताङको कोरोला नाकासम्मको २०२ किलोमिटर सडकखण्डमा १५ वटा पक्की पुल निर्माण सम्पन्न भएका छन्। २०७५ पुस ९ गते ठेक्का सम्झौता भएको घमी खोला पक्की मोटरेबल पुल हालै सम्पन्न भएको बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख तेजस्वी शर्माले जानकारी दिए। कोरला क्षेत्रमा कठोर भूगोल, प्रतिकूल मौसम, हिमपात र निर्माण कम्पनीको ढिलासुस्तीका कारण पुल निर्माण समयमै सम्पन्न हुन सकेको थिएन।

पुल निर्माणका लागि निर्माण कम्पनीलाई पटक-पटक ताकेता र कारबाही गरिएको थियो। स्थानीय जनप्रतिनिधिको सहयोगमा ढिलै भए पनि पुल निर्माण सम्पन्न गरिएको आयोजना प्रमुख शर्माले बताए।

निर्माण कम्पनीले पुल निर्माणमा बेवास्ता र ढिलासुस्ती गरेपछि सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार छ महिनाको समयावधि तोकेर दैनिक जरिवाना तोकिएको थियो। पटक-पटक म्याद थप हुँदै आएको घमी खोला पुलका लागि सार्वजनिक खरिद ऐनको १ ५औं संशोधन आएपछि निर्माण कार्य सहज भएको आयोजना प्रमुख शर्माले बताए।

सम्झौताअनुसार २०७८ साल पुस ९ गतेभित्र सम्पन्न हुनुपर्ने घमी खोला पुलको पटक-पटक म्याद थप हुँदै आएको थियो। आयोजना र लो घेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोबसाङ छोम्पेल विष्टको सक्रियतामा सम्झौता अवधि सकिएको पाँच वर्षपछि निर्माणाधीन घमी खोला पुल सम्पन्न भएको आयोजनाले जनाएको छ।

मुस्ताङको कोरोला नाका जोड्ने ४० मिटर लामो पुलको ठेक्का सम्झौता लागत छ करोड ८० लाख रूपैयाँ रहेको थियो। पुलको दायाँबायाँ पिलर फाउन्डेसन, स्ल्याब ढलान तथा घमी खोलामा पुल जोड्ने प्रोटेक्सन र एप्रोच सडक निर्माणलगायत पुल फिनिसिङका काम सम्पन्न भएका छन्। यससँगै कोरोलानाकातर्फको आवतजावत सहज भएको आयोजनाले जनाएको छ।

यसअघि बर्खायाममा घमी खोलामा पानीको बहाव बढ्दा कोरोला नाका र उपल्लो मुस्ताङ आवतजावत गर्ने सवारीसाधन तथा मालवाहक कन्टेनरलाई समस्या हुने गरेको थियो। चीनबाट कोरोला नाकाहुँदै पैठारी गरिएका सामान बोकेका मालवाहक कन्टेनर घमी खोला पुल नहुँदा हप्तौंसम्म रोकिनुपर्ने अवस्था थियो।

गत वर्ष मालवाहक कन्टेनरको आवतजावत सहज बनाउन व्यापारी र गाउँपालिकाको सहयोगमा डाइभर्सन सडक निर्माण गरी यातायात सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष विष्टले जानकारी दिए। ढिलै भए पनि निर्माण कम्पनीले पुलको काम सम्पन्न गरेपछि बाह्रै महिना सडक आवागमन सहज भएको अध्यक्ष विष्टले बताए। *रासस*

# राजनीतिक खिचातानीको मारमा स्थानीय गौरवका आयोजना

**■ सुदिप रावत**

**सिरहा–** पाँच वर्षअघि संघीय सरकारको ७० प्रतिशत र लहान नगरपालिकाको ३० प्रतिशत लागतमा निर्माण सुरू भएको लहान-१७ स्थित देवीदह पर्यटकीय आयोजना अहिले अलपत्र अवस्थामा छ। २० बिघा क्षेत्रफलमा फैलिएको धार्मिक तथा पर्यटकीय क्षेत्रको सौन्दर्यकरणका लागि आर्थिक वर्ष २०७७/७८ मा छ करोड ९३ लाख रूपैयाँ बजेट स्वीकृत भएको थियो। निर्माण कम्पनी 'विकास एण्ड बस्नेत कन्स्ट्रक्सन प्रालि'सँग सम्झौता भई करिब २० प्रतिशत काम सकिए पनि त्यसपछि आयोजना अघि बढ्न सकेको छैन। विगत चार वर्षदेखि निर्माणको काम रोकिएको छ।

लहान बजारदेखि देवीदहसम्म पुग्ने नौ किलोमिटर सडक ग्राभेल भइसकेको थियो भने पोखरी परिसरमा बन्ने अन्य संरचनाको तयारीसमेत अघि बढेको थियो। चारैतिर घेराबार, इन्टरलक, बोटिङ, स्वीमिङ पुललगायतका संरचना बनाएर यस क्षेत्रलाई प्रमुख पर्यटकीय गन्तव्य बनाउने महत्त्वाकांक्षी योजना अघि सारिएको थियो। देवीदह वन उपभोक्ता समितिका अध्यक्ष कपलेश्वर यादव भन्छन्, 'त्यतिबेला पोखरीलाई व्यवस्थित गरेर पर्यटकीय गन्तव्य बनाउने योजना निकै उत्साहका साथ अघि बढेको थियो। सडक निर्माणदेखि पोखरी परिसरमा विभिन्न संरचना बनाउने तयारीसम्म काम अगाडि बढिसकेको थियो। आयोजना पूरा भएको भए देवीदहको स्वरूप नै फेरिन सक्थ्यो।' तर अहिले पोखरी वरिपरि निर्माण हुन थालेका संरचनाका अवशेषमात्रै देखिन्छन्।



वि.सं. २०७९ को स्थानीय तह निर्वाचनपछि परिस्थिति फेरियो। लहान-१७ का वडाध्यक्ष प्रथमलाल चौधरीका अनुसार नयाँ नेतृत्व आएपछि पूर्वनगरप्रमुख मुनि साहको पालामा सुरू भएका आयोजनाहरूको सूची तयार गरी नवीकरण र बजेट निकासा रोकियो।

संघीय सरकारको करिब ८० लाख रूपैयाँ खर्च भइसकेपछि आयोजनाको बाँकी काम रोकियो। नगरपालिकाले आफ्नो हिस्सामा रहेको ३० प्रतिशत बजेट व्यवस्थापन नगर्दा र भुक्तानी नदिँदा अन्ततः निर्माण कम्पनीले काम अलपत्र छाडेर हिँड्न बाध्य भएको वडाध्यक्ष चौधरी बताउँछन्। उनले भने, 'हामीले पटक-पटक यो आयोजना निरन्तरता दिन आग्रह गर्‍यौं। तर बजेट व्यवस्थापन भएन। अन्ततः निर्माण कम्पनी अधुरै काम छाडेर हिँड्न बाध्य भयो।'

तर अहिलेका नगरप्रमुख महेशप्रसाद चौधरी भने योजनाहरू राजनीतिक पूर्वाग्रहका कारण नभई वित्तीय जटिलताका कारण रोकिएको बताउँछन्। 'हामी विकासविरोधी होइनौं, न त पूर्वाग्रह राखेर काम रोक्ने पक्षमा छौं। विगतको नेतृत्वले प्रक्रियागत वैधता, प्राविधिक तयारी र बजेटको स्रोत सुनिश्चितता नै नगरी केवल लोकप्रिय बन्ने हतारोमा ठूला योजनाहरू अघि बढाएको देखिन्छ,' नगरप्रमुख चौधरीले स्पष्ट पारे, 'स्रोत नखुलेका र हतारमा ठेक्का लगाइएका आयोजनाले गर्दा पालिकामा गम्भीर वित्तीय जटिलता पैदा हुने भएकाले कतिपय आयोजना रोकिएका हुन्। म निर्वाचित भएर आइसकेपछि कतिपय पुराना आयोजनाहरूको प्राविधिक मूल्यांकन, कानुनी प्रक्रिया र स्रोत व्यवस्थापनको अवस्था हेरेर पारदर्शी रूपमा अगाडि बढाइएको छ।'

सिरहाका अन्य नगरपालिकाहरूमा पनि बहुवर्षीय आयोजनाहरू राजनीतिक खिचातानी, नयाँ नेतृत्वको बेवास्ता र बजेटको स्रोत सुनिश्चितताबिना सुरू गरिएका आयोजनाहरू अहिले बिचमै रोकिएका छन्। धनगढीमाई नगरपालिकामा तत्कालीन नगरप्रमुख हरिनारायण चौधरीको कार्यकालमा २०७५ सालमा १७ करोड रूपैयाँ लागतमा १५ शयाको नगर अस्पतालको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) स्वीकृत गरी निर्माण सुरू गरिएको थियो। दुई वर्षमा सक्नुपर्ने यो आयोजना नयाँ नेतृत्वमा शिवशंकर महतो आएपछि भुक्तानी रोकिएर अधुरै छ, जसका कारण स्थानीयवासी पुरानो जीर्ण स्वास्थ्यचौकीबाटै सेवा लिन बाध्य छन्। यसका साथै जनता मावि बेतहा, जनता मावि पूर्वहनुमाननगर, जनता मावि तीनकोनी प्राविधिक विद्यालय र मदन भण्डारी माविका निर्माणाधीन भवनहरू पनि बजेट अभावमा रोकिएका छन्।

धनगढीमाई-१० मा २०७५ सालमा भारतीय दूतावासको सहयोगमा निर्माण गरिएको देशकै एकमात्र स्थानीय तहद्वारा सञ्चालित प्राकृतिक अस्पताल पनि सञ्चालनको अन्तिम तयारीमा पुगेर बन्द हुने अवस्थामा छ। पूर्वनगरप्रमुख हरिनारायण चौधरी भन्छन्, 'माटो, पानी, बाफ र मालिसबाट उपचार गरिने यो अस्पताल पछिल्लो नेतृत्वको चरम बेवास्ताका कारण बन्द हुन पुगेको हो।' नयाँ नेतृत्वले पुरानो आयोजनाको दायित्व स्वीकार नगर्दा स्थानीय आयोजना लथालिंग भएको उनको भनाइ छ।

उता वर्तमान नगरप्रमुख शिवशंकर महतो भने विगतको नेतृत्वले नियमविपरीत सिर्जना गरेको दायित्वका कारण समस्या पैदा भएको बताउँछन्। 'विगतमा स्रोत सुनिश्चितता नगरी प्रक्रिया मिचेर ठेक्का लगाइएका योजनाहरूमा कानुनी र वित्तीय जटिलता आएको हो,' प्रमुख महतोले भने, 'हामीले प्रतिशोध राखेका होइनौं। बेरुजु नआउने गरी रोकिएका योजना सञ्चालन गर्ने र कार्यविधि बनाएर अस्पताल तथा विद्यालय भवनका अधुरा काम पूरा गर्ने तयारीमा छौं।'

गोलबजार नगरपालिकामा पनि अवस्था उस्तै छ। तत्कालीन नगरप्रमुख देवनाथ साहको पालामा २०७७ सालमा २८ करोड रूपैयाँ लागतमा सुरू भएको बहुवर्षीय नगर भवन चार तला ढलान सम्पन्न भएर अन्तिम चरणमा पुगेको थियो। निर्माण सम्पन्न हुने चरणमा पुगेको उक्त भवनको ठेक्का रद्द गरिएपछि अहिले बनेको संरचनासमेत रेखदेखको अभावमा जीर्ण बन्दै गएको छ भने नगरपालिका साँघुरो भवनबाट सेवा प्रवाह गर्न बाध्य छ। उता निर्माण कम्पनीले उच्च अदालत पाटनमा 'स्टे अर्डर'को माग गर्दै रिट हालेको छ।

गोलबजारका वर्तमान नगरप्रमुख श्याम श्रेष्ठ भने ठेकेदारको ढिलासुस्तीका कारण ठेक्का तोड्नुपरेको तर्क गर्छन्। 'हामीले आयोजना रोकेका होइनौं, ठेकेदारले तोकिएको समयमा काम नगरेकाले कानुनी प्रक्रियाअनुसार ठेक्का रद्द गरिएको हो,' प्रमुख श्रेष्ठले भने, 'अहिले अदालतमा मुद्दा विचाराधीन अवस्थामा भएकाले नयाँ प्रक्रियाबाट नगर भवन सम्पन्न गर्ने योजना रोकिएको छ।'

नेपालको संविधानअनुसार स्थानीय सरकार एक अविच्छिन्न उत्तराधिकारवाला निकाय हो। आवधिक निर्वाचनबाट नेतृत्व फेरिए पनि संस्थाको दायित्व, सम्पत्ति र सुरू भइसकेका विकास आयोजनाहरूको निरन्तरता रोकिनु हुँदैन। सार्वजनिक खर्च व्यवस्थापनका दृष्टिकोणबाट पनि काम भइसकेका आयोजनाको भुक्तानी रोक्नु र निर्माणाधीन संरचना छाड्नुले वित्तीय अनुशासन विथोलिने विज्ञहरूको भनाइ छ।

अर्थशास्त्री धरणीधर अधिकारीका अनुसार बीचमै आयोजना रोकिँदा सबैभन्दा ठूलो नोक्सानी करदाताको हुन्छ। 'निर्माणमा सार्वजनिक पैसा खर्च भइसकेपछि त्यसबाट समयमै सेवा उत्पादन हुन नसक्नु भनेको सार्वजनिक स्रोतको क्षति हो। विनाप्रतिफलको खर्चमात्रै हो। भुक्तानी रोकिँदा कानुनी दायित्व र बेरुजु दुवै बढ्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि पालिकालाई अविच्छिन्न उत्तराधिकारवाला संस्था मानेकाले अघिल्लो सरकारले सुरू गरेको भन्दै आयोजना रोक्नु वित्तीय अनुशासन र सार्वजनिक उत्तरदायित्व दुवैका दृष्टिले उचित होइन,' उनले भने।

राजनीतिक नेतृत्वको दलीय अडान र प्रक्रियागत उल्झनको मारमा स्थानीय नागरिक परेका छन्। लहानका स्थानीय सत्यनारायण चौधरी आफ्नो आक्रोश पोख्दै भन्छन्, 'चुनावमा नेताहरू बदलिन्छन्, तर हाम्रो दुःख उस्तै रहन्छ। अघिल्ला मेयरले सुरू गरेको काम अहिलेकाले रोक्ने हो भने हाम्रो करको पैसा यसैगरी बालुवामा पानी कहिलेसम्म भइरहने ?'

राजनीतिक विश्लेषक तथा लेखक राजेश विद्रोहीका अनुसार समस्या व्यक्ति परिवर्तनभन्दा पनि राजनीतिक संस्कृतिमा छ। उनी भन्छन्, 'स्थानीय सरकार व्यक्ति होइन, संस्था हो। निर्वाचनले नेतृत्व परिवर्तन गर्छ, राज्यको दायित्व परिवर्तन गर्दैन। तर हामीकहाँ विकास आयोजना पनि राजनीतिक स्वामित्वको विषय बनाइन्छ। जसले सुरू गर्‍यो उसैले जस पाउने मानसिकताले अर्को नेतृत्वले निरन्तरता दिन चाहँदैन। यसको मूल्य अन्ततः नागरिकको टाउकोमा थोपरिन्छ।' *रासस*

प्रभाव दैनिक

## रूपशाला

### देवीका बन्दनाको तीज गीत सार्वजनिक

महिलाहरूको पर्व तीजको आगमनसँगै नेपाली साङ्गीतिक बजारमा नयाँ तीज गीत भित्रिने क्रम बढ्न थालेको छ । यस्तैमा वरिष्ठ गायिका देवीका बन्दनाले नयाँ तिज गीत 'रातो सारी झल्कियो बरिलै' ल्याएकी छन् । गीतमा गायिका बन्दनालाई शान्तिश्री परियार, एलिना चौहानले स्वरमा साथ दिएका छन् । तीजको मौलिक लय, नेपाली महिलाको उत्साह र पर्वको सांस्कृतिक पक्षलाई समेट्दै उनले यो गीत ल्याएकी हुन् । उषा शेरचनको शब्द, नरहरि प्रेमी उपाध्यायको संगीत गीतमा छ । गीतमा राकेश सोनीले संगीत संयोजन गरेका छन् । गीतको भिडियोमा वरिष्ठ कलाकार वसुन्धरा भुसाल, चैत्य देवी, ट्याटु आर्टिस्ट सुनिता कुँवर, मञ्जु पौडेल, अनिता यादव लगायतका कलाकारहरूको अभिनय छ ।





# 'लोक दोहोरी च्याम्पियन' असोज ३ गतेदेखि आउने




■ प्रभाव संवाददाता

**काठमाडौं–** रगोन स्टुडियो प्रा.लि.को ब्यानरमा निर्माण भइरहेको चर्चित लोकदोहोरी कार्यक्रम 'लोक दोहोरी च्याम्पियन' को पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा 'लोक दोहोरी च्याम्पियन' को उद्देश्य, निर्माण टोली, निर्णायक मण्डल तथा प्रसारणसम्बन्धी जानकारी सार्वजनिक गरिएको हो ।

नेपाली मौलिक लोकदोहोरीको संरक्षण, प्रवर्द्धन गर्दै नयाँ प्रतिभालाई अवसर दिने उद्देश्यले कार्यक्रम निर्माण गरिएको कार्यक्रम प्रमुख अनुपम गौतमले जानकारी दिए । कार्यक्रमको निर्देशन चलचित्र निर्देशक माधवराज खरेलले गर्नेछन भने निर्णायक मण्डलमा बरिष्ठ गायक तथा सर्जक पुरुषोत्तम न्यौपाने, रीता थापा मगर, पशुपति शर्मा र अमृत खाती रहेका छन् । त्यस्तै कार्यक्रमको सञ्चालन कमेडिन तथा कलाकार दिनेश काफ्ले र गायिका इप्सल सञ्ज्यालले गर्नेछन् ।

त्यस्तैगरी कार्यक्रम व्यवस्थापन गायक रामप्रसाद अवस्थीले सम्हाल्नेछन् भने, प्रतियोगी संयोजकमा गायक तथा सर्जक दिपक खड्का, संगीत निर्देशकमा राजु ढकाल, मेन्टर/कोचमा शिव हमाल, प्रोडक्सनमा गिरिराज ढकालले हेर्नेछन् । उक्त 'लोक दोहोरी च्याम्पियन' छायांकन निर्देशनमा हेमन्त कटुवालले सम्हाल्ने छन भने ब्राण्ड एम्बेस्डरमा गायक तथा सर्जक शिरिश देवकोटा र कार्यक्रम परामर्श दाताको रूपमा सुवास केसीलाई अनुबन्धित गरिएको छ ।

'लोक दोहोरी च्याम्पियन' को स्याटेलाईट पार्टनर इमेज टेलिभिजन एच्डि, डिजिटल तथा युट्युव पार्टनर म्युजिक नेपाल, भोटिङ पार्टनर खल्ति एप आइएमई, हस्पिटालिटी पार्टनर प्यासिफिक हस्पिटालिटी र ओपल ग्लोबल रहेको छ भने,फुड पार्टनरमा साप फाल्चा जोडिएको छ ।

आयोजकका अनुसार कार्यक्रमलाई आगामी असोज ३ गतेदेखि दर्शकमाझ ल्याउने तयारी भइरहेको छ । रगोन स्टुडियोको ब्यानरमा निर्माण भइरहेको यस कार्यक्रमले नेपाली लोकदोहोरी क्षेत्रमा रहेका प्रतिभालाई खोजी गर्दै उनीहरूलाई ठूलो मञ्च प्रदान गर्ने लक्ष्य लिएको छ ।


# 'द एभरेस्ट ड्रिम'लाई अमेरिकामा उत्कृष्ट डकुमेन्ट्री फिल्म अवार्ड

**काठमाडौं (प्रस)–** निर्देशक तथा पत्रकार गणेश पाण्डेद्वारा निर्देशित डकुमेन्ट्री फिल्म 'द एभरेस्ट ड्रीम' ले अमेरिकाको जर्जियास्थित कोब इन्टरनेसनल फिल्म फेस्टिभलमा बेस्ट डकुमेन्ट्री फिल्म अवार्ड जितेको छ ।

यही साउन २१ देखि २४ गतेसम्म जर्जियाको मारिएट्टा सहरमा आयोजना भएको महोत्सवमा नेपालबाट 'द एभरेस्ट ड्रीम' मात्र छनोट भएको थियो । महोत्सवका कार्यकारी निर्देशक तथा फेस्टिभल डाइरेक्टर डा. रिचर्ड टाभेनारोका अनुसार संसारभरबाट प्राप्त फिल्महरूको प्रतिस्पर्धामा 'द एभरेस्ट ड्रीम'ले उत्कृष्ट डकुमेन्ट्री फिल्मको अवार्ड प्राप्त गरेको हो ।

ब्रेन इन्जुरीबाट बाँचेका बेलायती नागरिकहरूको असाधारण सगरमाथा यात्रामा आधारित 'द एभरेस्ट ड्रीम'ले गम्भीर मस्तिष्क चोटपछि जीवनसँग संघर्ष गरिरहेका व्यक्तिहरूले पुनः जीवनमा सपना देख्दै त्यसलाई पूरा गर्न गरेको प्रयासको कथा प्रस्तुत गरेको छ । डाक्टर हरूले पुनः सामान्य रूपमा हिँड्न, बोल्न वा दैनिक जीवनमा फर्किन कठिन हुने बताएका केही व्यक्तिहरूले हार नमानी नेपाल आएर सगरमाथा आधार शिविर पुग्ने सपना बोकेका थिए ।

द लिटिल शेर्पा फाउण्डेशनका जेम्स ल्याम्बको नेतृत्वमा पाँच जना ब्रेन इन्जुरीबाट बाँचेका व्यक्ति तथा उनीहरूका परिवारसहित सात जनाको टोली सगरमाथा आधार शिविर पुगेको थियो । यही असाधारण यात्रालाई निर्देशक पाण्डेले करिब डेढ वर्ष लगाएर डकुमेन्ट्रीमा प्रस्तुत गरेका हुन् ।




'द एभरेस्ट ड्रीम'मा एसोसिएट निर्मात्री शारदा गैरे, क्यामेरापर्सन सुरेश श्रेष्ठ र निरज पन्थी, सम्पादक ईश्वर कोइराला, संगीतकार जुगल डंगोल र सन्दीप सरदार तथा न्यारेटर कौशल घिमिरेको योगदान रहेको छ । निर्देशक पाण्डेले ब्रेन इन्जुरीपछि पनि मानिसले आफ्नो जीवनमा नयाँ सपना देख्न सक्छ र त्यसलाई पूरा गर्न सक्छ भन्ने सन्देश विश्वभर पुऱ्याउन पाउनु नै सबैभन्दा ठूलो उपलब्धि भएको बताए ।

## रंगशाला

# एसिसी प्रिमियर कपको तालिका परिमार्जन

## नेपालको पहिलो खेल बहराइनसँग

■ प्रभाव संवाददाता

**काठमाडौं–** मलेसियामा आयोजना हुने एसीसी प्रिमियर कप क्रिकेट प्रतियोगिताको खेलतालिका परिमार्जन भएको छ । यसअघि नेपालको खेल १ सेप्टेम्बरका लागि तय भएकोमा अब ३१ अगस्टमा हुनेछ ।

समूह 'ए' मा रहेको नेपालले पहिलो खेलमा ३१ अगस्टमा बहराइनसँग खेल्नेछ । यस समूहमा नेपालसँगै बहराइन, हङकङ, आयोजक मलेसिया र साउदी अरेबिया छन् । समूह 'बी' मा यूएई, ओमान, कुवेत, कतार र सिंगापुर रहेका छन् । नेपालले त्यसपछि ३ सेप्टेम्बरमा आयोजक मलेसिया, ६ सेप्टेम्बरमा साउदी अरेबिया र ८ सेप्टेम्बरमा हङकङसँग प्रतिस्पर्धा गर्नेछ ।

समूह चरणपछि दुवै समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् । सेमिफाइनलका खेलपछि तेस्रो स्थानको खेल र फाइनल आयोजना हुनेछ ।




ओडीआई फर्म्याटमा हुने प्रिमियर कपको विजेता टोलीले आगामी वर्ष हुने एसिया कपमा स्थान बनाउने छ । प्रतियोगिताका लागि नेपालले सन्दीप लामिछानेको कप्तानीमा १४ सदस्यीय टोली घोषणा गरिसकेको छ ।

**नेपाली टोली** : सन्दीप लामिछाने (कप्तान), रोहितकुमार पौडेल, आसिफ शेख, अर्जुन कुमाल, देव खनाल, दीपेन्द्रसिंह ऐरी, बसिर अहमद, इसान पाण्डे, गुल्सनकुमार झा, शेर मल्ल, ललितनारायण राजवंशी, करण केसी, हेमन्त धामी र सन्दीप जोरा रहेका छन् ।

# बुटवलमा अन्तर्राष्ट्रियस्तरको पुरूष भलिबल प्रतियोगिता हुने

■ प्रभाव संवाददाता

**बुटवल–** बुटवलमा अन्तर्राष्ट्रिय आमन्त्रित पुरुष भलिबल प्रतियोगिता आयोजना गरिने भएको छ । साउन २५-२६ गते मदन भण्डारी स्पोर्टस एकेडेमीको बुटवलमा बसेको ११औं पूर्ण बैठकले मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङशिल्ड पुरुष भलिबल प्रतियोगिता-२०८३ गर्ने निर्णय गरेको क्लबले जनाएको छ ।

प्रतियोगिता आगामी असोज १२ देखि १७ गतेसम्म गर्ने जनाइएको छ । बुटवल मण्डपमा हुने प्रतियोगितामा नेपालका ३ सहित भारत, चीन, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेशबाट टिम सहभागिता गराउने निर्णय गर्दै तयारी अगाडि बढाएको एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले बताए । 'नेपालमै पहिलो पटक यो स्तरको भलिबल हुन लागेको छ', उनको दाबी छ । यसअघि क्लबले ईण्डो नेपाल भलिबल प्रतियोगिता सम्पन्न गरेको थियो ।

यस पटक थप परिमार्जित गर्दै प्रतियोगिताको दोस्रो संस्करणलाई अन्तर्राष्ट्रिय स्तरको गर्न लागेको उनले बताए । प्रतियोगिताको उपाधि विजेतालाई नगद ७ लाख रूपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने छ । प्रतियोगिताको द्वितीय टिमलाई ३ लाख ५० हजार, तृतीय टिमलाई १ लाख ७५ हजार रूपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने छ ।

यसैगरी सान्त्वना टिमलाई ७५ हजार रूपैयाँ, विधागत रूपमा प्लेयर अफ दी म्याच १ लाख, सर्वोत्कृष्ट खेलाडीलाई नगद १५ हजार रूपैयाँ, उत्कृष्ट स्पाईकर, सेटर, सर्वर, कोच, बल्कर, डिफेन्सलाई क्रमशः ८ हजार रूपैयाँ, कप, मेडलबाट पुरस्कृत गरिने छ । करिब १२८ जना खेलाडी, १५० अफिसियल सहभागी हुने प्रतियोगितामा १ करोड १८ लाख रूपैयाँ खर्च हुने अनुमान छ ।

बैठकबाट एकेडेमीका प्रदेश संरचनालाई प्रभावकारी र सक्रिय बनाउने निर्णय गर्दै केन्द्रीय कमिटीमा फेरबदल गरिएको अध्यक्ष ध्रुव आचार्यले जानकारी दिए । वरिष्ठ उपाध्यक्ष मोहन रेग्मी, उपाध्यक्ष झकबहादुर मिदुन, महासचिव मदन उप्रेती, उपमहासचिव चन्द्र बदना राई, रामबहादुर केसी, सचिव उदय अर्याल, निलम बज्राचार्य, विनोद आचार्य, नन्दु काउचा, कोषाध्यक्ष कमल ढकालको जिम्मेवारी दिइएको छ ।

### १४ औं पुष्पलाल स्मृति ब्याटमिन्टन

# क्षितिज, बिष्णु र प्रफुल सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** एपिएफका क्षितिज खनाल, पिस फिटनेश क्लबका बिष्णु कटुवाल र नेपाल आर्मीका प्रफुल महर्जन लिनिंग चौधौं पुष्पलाल स्मृती राष्ट्रिय बरियता ब्याडमिन्टन प्रतियोगिताको शिर्ष ८ पुरुष एकल तर्फ सेमिफाईनलमा स्थान पक्का गर्न सफल भएका छन् ।

समूह ए को लिग खेलमा क्षितिजले दोश्रो जित हात पार्दै सेमिफाईनलमा स्थान पक्का गरेका हुन् । क्षितिजले आज भएको लिगको दोश्रो खेलमा नेपाल पुलिसका जीवन आचार्यलाई २१-१३, २३-२१ को जित निकाल्दै सेमिफाईनलमा स्थान पक्का गरेका हुन् । क्षितिजले आफ्नो पहिलो खेलमा नम्बर एक तथा पूर्व बिश्व जुनियर शिर्ष खेलाडी प्रिन्स दाहाललाई पराजित गरेका थिए । यस्तै आज भएको व्यक्तिगत दोश्रो खेलमा एपिएफका प्रिन्स दाहालले नेपाल पुलिका सुनिल जोशी माथि २१-१४, २१-१९ को जित निकाले । यस समूहमा प्रिन्स र सुनिल जोशीको एक एक जित भएको छ । सेट जितको आधारमा प्रिन्स सुनिल भन्दा अगाडी रहेका छन् । सुनिलले पनि आफ्नो पहिलो खेलमा पुलिसकै जीवन आचार्य माथि जित निकालेका थिए ।

यस्तै पुरुषकै समूह बि को दोश्रो खेलमा आआफ्नो प्रतिद्वन्दि माथि जित हात पार्दै बिष्णु कटुवाल र प्रफुल महर्जनले पनि सेमिफाईनलमा स्थान पक्का गरेका छन् । आज सम्पन्न दोश्रो खेलमा बिष्णुले नेपाल पुलिसका दीपक बोहरा माथि २१-१७, २१-१७ को जित निकाल्दै सेमिमा स्थान बनाएका हुन् । यसैगरि प्रफुलले पनि एपिएफका देवराज राना माथि २१-१९, ११-२१, २१-१९ को कठिन जित हात पार्दै दुई जितका साथ सेमिमा स्थान बनाएका हुन् । प्रफुल सेट जितका आधारमा दोश्रो स्थानमा रहेका छन् । यध्यपी समूह बिजेता/उपबिजेतको टुंगो भने शुक्रबार हुने लिगको अन्तिम खेलबाट हुनेछ ।

नेपाल खेलकुद महासंघ अन्तरगतको राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताका महिला शिर्ष ८ तर्फका लिगमा समूह बी बाट तीनमा दुई खेलमा जित हात पार्दै एपिएफकी




रिहाना शेरचन र पुलिसकी निता लम्सालले सेमिफाईनलमा स्थान पक्का गरेका हुन् । सेट जितका आधारमा शेरचनले निलाईलाई पछाडी पारेकी छिन् । समूह बिजेता तथा उपबिजेताको छिनोफानो भोली हुने प्रतिस्पर्धाबाट हुनेछ । समूह एको खेलमा भने नेपाल नम्बर एक नेपाल आर्मीकी रसिला महर्जन र पुलिसकी शेस्ना सृपालीको एक एक जितका साथ अग्रस्थानमा रहेका छन् । उक्त समूहको सेमिफाईनलमा स्थानको छिनोफानो शुक्रबार हुने लिगको अन्तिम खेल पश्चात हुने भएको छ । आज भएको लिगको खेलमा शेस्नाले आर्मीकी अनुमाया राईलाई १७-२१, २१-११, २१-१३ ले पराजित गरेकी हुन् । यस्तै रसिलाले आफ्नो पहिलो खेलमा शेस्नालाई पराजित गर्दै एक जित हात पारेकी थिईन् ।

सहआयोजक यल स्पोर्टस एकेडेमि, ग्वार्कोको कभर्डहलमा भएको प्रतियोगिताको यु-१५ पुरुष एकल तर्फको खेलमा आर्मीका रिजन मगरले मन्डला ब्याडमिन्टन एकेडेमीका ज्यातीरादित्य चौधरीलाई २१-१५, २१-१४, धन्यनतरीका सुहम कार्कीले इमाडोल ब्याडमिन्टन स्पोर्टस क्लबका प्रशान्त बुढाथोकीलाई २१-७, २१-१४, कन्चनपुरका उदय चन्दले कपिलवस्तुका निश्चल अग्रहरीलाई २१-१०, २१-११, बालकुमारी रिमिक्सका प्रज्वल बज्राचार्यले नेपाल पुलिस स्कुल काभ्रेका इशान गिरीलाई १०-२१, २१-१७, २१-१८, सिन्धुलीका दीप थिंगले पुलिस स्कुलका श्याम भण्डारीलाई २१-८, २१-२, आर्मीका आशुतोष कसौधनले सूखेतका समिर अधिकारीलाई २१-१२, १९-२१, २१-१२, सूर्यदर्शनका सोनम ओलीले पुलिस स्कुलका सिद्धान्त श्रेष्ठलाई २१-१२, २१-१४, आर्मीका सामन्त भद्र बज्राचार्यले ग्यालेक्सीका सुभम चौहानलाई २१-१०, २१-५, कन्चनपुरका आशिष खत्रीले फिटनेपाल स्पोर्टस्प्लेक्सका सक्षम गुरुंगलाई २१-१२, २२-२०, आर्मीका साजन कार्कीले कस्तुरी एकेडेमीका प्रज्ञान ढकाललाई २१-८, २१-१४, इमाडोल ब्याडमिन्टन स्पोर्टस् क्लबका प्रिन्स थापा मगरले बिवेक बर्मा एकेडेमीका आयुश खनाललाई २१-१५, २३-२१, नेपाल पुलिस स्कुल काभ्रेका प्रनिश कार्कीले सिन्धुलीका धिरज मण्डललाई २१-१६, २१-१६, नेपाल पुलिसका रितिक आचार्यले मोर्डन बोर्डिंग स्कुलका अपूर्व राज पोखरेललाई २१-६, २१-५, धन्यन्तरीका सुशान्त प्रजापतीले डिबिए क्लबका रमित बोहरालाई २१-५, २१-४, सूर्यदर्शनका आदित्य थारुले कैलालीका यस चौधरीलाई २१-१७, २१-१२ र आर्मीका सुदेश राजकोटीले धादिंगका आयुश मगरलाई २१-१९, २१-१५ ले पराजित गर्दै अन्तिमा १६ मा स्थान बनाउन सफल भए ।

यसै गरि यु-१९ महिला एकल तर्फको खेलमा कस्तुरी कलेजकी अन्जिला राई, चितवनकी सुषमा भुजेल, एपिएफकी प्रेन्शा श्रेष्ठ र अजरेन्का शेरचन, धादिंगकी निष्ठा श्रेष्ठ, एपिएफकी स्वर्लिन श्रेष्ठ, एसबिएकी सविज्ञा दाहाल, एपिएफकी आश्रुती कार्की, आर्मीकी समृद्धि श्रेष्ठ र फिटनेपाल स्पोर्टसप्लेक्सकी श्रीशा पौडेलले पनि अन्तिम १६ मा स्थान पक्का गरे । अन्जिलाले सेन्टजेभियरका दृष्टि कोईरालालाई २१-४, २१-६, सुषमाले ग्यालेक्सीकी कृष्मा तामांगलाई २१-३, २१-१०, प्रेन्शाले कपिलवस्तुकी बिलक्षणा सिंहलाई २१-६, २१-१७, अजरेन्काले सेन्टजेभियरकी इभानी भण्डारीलाई २१-७, २१-६, निष्ठाले ग्लोबल स्कुल अफ साईन्सका अक्षरा यादवलाई २१-१२, २१-७, बिशेषता खड्काले देवीनगर ब्याडमिन्टन क्लबकी दिव्यानी आचार्यलाई २१-८, २१-१२, स्वर्लिनले ग्यालेक्सी पब्लिक स्कुलकी अर्चना मगरलाई २१-६, २१-३, सविज्ञाले फिटनेश पार्ककी शिष्टता कुइकेललाई २१-१३, २१-८, आश्रुतीले सेन्टजेभियरकी जियाना खनाललाई २१-५, २१-५, समृद्धिले सूखेतकी निशा सिंहलाई २१-९, २१-९, र श्रीशाले ग्यालेक्सीकी युन्जना मगरलाई २१-१५, २१-१४ ले पराजित गरेका हुन् ।

पुरुष यु १९ एकल तर्फको खेलमा नेपाल पुलिसका कविर के.सी. र आर्मीका प्रतिक बिष्टले जित हात पार्दै अन्तिम १६ मा स्थान पक्का गरे । के.सी.ले धन्यन्तरीका सुहम कार्कीलाई २१-१९, २१-१९ र बिष्टले धादिंगका आयुष मगरलाई २१-१०, २१-९ ले पराजित गरेका हुन् । यस्तै आर्मीका सौर्य महर्जनले पुलिसका रितिक आचार्यलाई २१-१०, २१-९ ले पराजित गर्दै अन्तिम १६ मा प्रवेश गरे ।




चीनको राजधानी बेइजिङस्थित बेइजिङ क्यापिटल इन्टरनेसनल एयरपोर्टमा सी९१९ विमानद्वारा सञ्चालित पहिलो अन्तर्राष्ट्रिय व्यावसायिक मार्गको शुभारम्भका अवसरमा आयोजित कार्यक्रममा नृत्य प्रस्तुत गर्दै कलाकार । *तस्बिरः सिन्ह्वा*

# अमेरिकी खोप नीतिमा परिवर्तनप्रति डब्ल्यूएचओको आपत्ति

**जेनेभा–** विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)ले संयुक्त राज्य अमेरिकामा बालबालिका खोप कार्यक्रममा व्यापक परिवर्तन गर्ने राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रयास दशकौंदेखिको वैज्ञानिक प्रमाणविपरीत रहेको जनाएको छ ।

राष्ट्रपति ट्रम्पले सोमबार विद्यालयमा अनिवार्य गरिएका खोपसम्बन्धी नियमको पुनरावलोकन गर्न आदेश दिएका थिए । उनले दादुरा, मम्प्स र रुबेला (एमएमआर) विरुद्धको संयुक्त खोपलाई तीन छुट्टाछुट्टै मात्रामा दिनुपर्ने मागसमेत दोहोऱ्याएका थिए ।

अमेरिकी स्वास्थ्यसचिव रोबर्ट एफ केनेडी जुनियरले लामो समयदेखि एमएमआर खोप र अटिजमबीच सम्बन्ध रहेको दाबी गर्दै आएका छन् । वैज्ञानिक अनुसन्धानले भने खोप र अटिजमबीच कुनै सम्बन्ध रहेको पुष्टि गरेको छैन । डब्ल्यूएचओका महानिर्देशक टेड्रोस अधानोम गेब्रेयससले एमएमआरलगायत खोप सुरक्षित रहेको र त्यसले अटिजम नगराउने वैज्ञानिक प्रमाण स्पष्ट रहेको बताए ।



'खोपसम्बन्धी नीति राजनीतिक प्रभावबाट नभई उपलब्ध उत्कृष्ट वैज्ञानिक प्रमाणको गहन, स्वतन्त्र र पारदर्शी समीक्षामा आधारित हुनुपर्छ,' उनले सामाजिक सञ्जाल 'एक्स'मा लेखेका छन् । अमेरिकी खोप नीतिमा हालै गरिएका परिवर्तन दशकौंदेखिको प्रमाणसँग मेल नखाएकोमा डब्ल्यूएचओ चिन्तित रहेको उनले बताए । उक्त प्रमाणले बालबालिका कुन समयमा विभिन्न रोगको बढी जोखिममा हुन्छन् भन्ने देखाउने उनको भनाइ छ ।

टेड्रोसका अनुसार बालबालिकालाई खोपबाट बलियो सुरक्षा प्रदान गर्न आवश्यक मात्रा र एकैपटक दिन मिल्ने खोपबारे वैज्ञानिक प्रमाणलाई ध्यान दिनुपर्छ । विश्वभरबाट नयाँ तथ्यांक प्राप्त हुँदै गएसँगै खोपसम्बन्धी प्रमाणको निरन्तर समीक्षा गरिने उनले बताए ।

खोप दिन अनावश्यक ढिलाइ गर्ने वा विभिन्न खोपको मात्रा छुट्टाछुट्टै दिने कार्यले खोपलाई सुरक्षित नबनाउने भन्दै उनले यसबाट बालबालिका रोगको जोखिममा पर्न सक्ने चेतावनी दिए ।

केनेडीले दशकौंदेखि प्रयोग हुँदै आएका खोपसहित विभिन्न खोपको व्यापक समीक्षा अघि बढाएका छन् । उनले बालबालिकाको खोप तालिकामा परिवर्तन गर्नुका साथै नयाँ खोप विकासका लागि दिइने बजेटमा कटौती गरेका छन् । यी कदमको अमेरिकी तथा अन्तर्राष्ट्रिय चिकित्सा र वैज्ञानिक समुदायले आलोचना गरेको छ । यस वर्षको सुरुमा अमेरिकी अदालतले केनेडीले अघि बढाएका केही खोप नीतिसम्बन्धी परिवर्तन रोकिदिएको थियो । *रासस/एएफपी*

## अमेरिका-इरान संवादलाई सहज बनाउन निरन्तर प्रयासरत पाकिस्तान

**इस्लामाबाद–** पाकिस्तानले संयुक्त राज्य अमेरिका र इरानलाई वार्ताको टेबलमा ल्याउन र इस्लामाबाद समझदारी ज्ञापनपत्र (एमओयू)लाई अगाडि बढाउन मद्दत गर्न निरन्तर प्रयास गरिरहेको जनाएको छ ।

पत्रकारसँगको साप्ताहिक साक्षतकारमा बोल्दै पाकिस्तानको विदेश मन्त्रालयका प्रवक्ता ताहिर अन्द्राबीले पाकिस्तान वार्ता र कूटनीतिका माध्यमबाट संकट समाधान गर्न सहयोग गर्ने निरन्तर प्रयासरत रहेको बताएका हुन् । पाकिस्तान शान्तिका लागि आशावादी रहेको बताउँदै उनले तनाव बढेपछि पनि अमेरिका र इरानले वार्ता गरिरहेको बताएका छन् ।

अन्द्राबीले जारी चुनौतीको बाबजुद इस्लामाबादले शान्ति प्रवर्द्धन गर्ने प्रयास जारी राख्ने कुरामा जोड दिँदै पाकिस्तान बढ्दो तनावबाट निरुत्साहित नभएको र स्थितिमा सुधार हुँदा आशावादी रहेको बताएका छन् । बाँकी चुनौतीको समाधान गर्ने उद्देश्यले रचनात्मक वार्ताको निरन्तरता सुनिश्चित गर्न पाकिस्तानले प्रत्यक्ष र अप्रत्यक्ष माध्यमबाट विरोध गर्नेको प्रयासलाई प्रतिरोध जारी राख्ने प्रवक्ता अन्द्राबीले बताएका छन् । पाकिस्तानका आन्तरिकमन्त्री मोहसिन नकवी हाल इरानको भ्रमणमा छन्, जहाँ उनले इरानी नेतृत्वसँग शान्ति प्रयास र द्विपक्षीय सम्बन्धबारे छलफल गरिरहेको जनाइएको छ । *रासस/सिन्ह्वा*

## भारतमा सडक दुर्घटनामा परी १५ जनाको मृत्यु

**नयाँदिल्ली–** भारतमा भएका दुई वटा छुट्टा-छुट्टै सडक दुर्घटनामा परी कम्तीमा १५ जनाको मृत्यु हुनुका साथै अन्य धेरै जना घाइते भएको स्थानीय अधिकारीले बुधबार पुष्टि गरेका छन् ।

भारतको दक्षिणी राज्य तेलंगानामा सवारीले तीन पांग्रे सवारीमा ठोक्किँदा पाँच महिलासहित छ जनाको मृत्यु भएको छ भने अन्य छ जना घाइते भएका छन् । घाइतेलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ ।

यसैबीच, भारतको मध्यप्रदेशमा भरिएको नालाले यात्रु बहाक सवारी बगाउँदा एउटै परिवारका छ जनासहित नौ जनाको मृत्यु भएको जनाइएको छ । एक जना स्थानीय अधिकारीले यस क्षेत्रमा भारी वर्षा भएको कारण नाला भरिएको जनाएका छन् । सवारीमा रहेका ११ जनामध्ये दुई जना पौडी खेलेर सुरक्षित स्थानमा पुग्न सफल भएकोसमेत उनले बताएका छन् । *रासस/सिन्ह्वा*

# विद्युतीय सवारीका लागि अफ्रिका चिनियाँ कम्पनीको नयाँ गन्तव्य बन्दै



**नैरोबी–** चिनियाँ अटो निर्माता चेरीले दक्षिण अफ्रिकामा निसानको पूर्वकारखाना खरिद गरेपछि अफ्रिकामा विद्युतीय सवारीसाधन (इभी) उत्पादनतर्फ चिनियाँ कम्पनीहरूको चासो बढेको देखिएको छ ।

चीनमा सवारीसाधनको आन्तरिक माग सुस्त हुनुका साथै युरोप र उत्तर अमेरिकामा व्यापारिक अवरोध बढिरहेका बेला चिनियाँ अटोमेकरले अफ्रिकालाई नयाँ बजारका रूपमा हेर्न थालेका हुन् । विश्लेषकका अनुसार स्थानीय उत्पादनले रोजगारी सिर्जना, आपूर्ति शृंखलाको विकास र विद्युतीय सवारीको प्रयोग विस्तारमा योगदान पुऱ्याउन सक्छ । यद्यपि, कमजोर पूर्वाधार र नीतिगत अनिश्चितता प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

जुलाईमा चीनको सबैभन्दा ठूलो अटो निर्यातकर्ता चेरीले दक्षिण अफ्रिकाको प्रिटोरियानजिकै रहेको निसानको पूर्वरोस्लिन कारखाना खरिद गरेको थियो । चेरीले उक्त कारखानामा आफ्नो जेटोर ब्राण्डअन्तर्गत प्लग-इन हाइब्रिड तथा ब्याट्रीबाट चल्ने विद्युतीय सवारी उत्पादन गर्ने योजना बनाएको छ ।

यो कदम अफ्रिकी उपभोक्ताको नजिकै सवारी उत्पादन गर्ने चिनियाँ कम्पनीको बढ्दो रणनीतिको हिस्सा हो । यसअघि बेइजिङ अटोमोटिभ ग्रुप (बिएआइसी)ले दक्षिण अफ्रिकाको ग्केबेरामा उत्पादन तथा एसेम्बली सुविधा सञ्चालन गर्दै आएको छ भने ग्रेट वाल मोटरले पनि स्थानीय एसेम्बली र पार्टपुर्जा आपूर्ति गर्दै आएको छ ।

दिगो यातायात प्रवर्द्धन गर्ने दक्षिण अफ्रिकी संस्था 'द इलेक्ट्रिक मिसन'का कार्यकारी निर्देशक हितेन परमारले अफ्रिका अटोमोबाइल बजारका लागि नयाँ सम्भावनायुक्त क्षेत्र बन्दै गएको बताए ।

विश्लेषकका अनुसार दक्षिण अफ्रिका, मोरक्को, केन्या, इथियोपिया र घाना चिनियाँ इभी लगानीका लागि बढी सम्भावना भएका देश हुन् । औद्योगिक क्षमता, अनुकूल सरकारी नीति र विस्तार भइरहेको विद्युत् पूर्वाधारका कारण यी मुलुकले लगानी आकर्षित गर्न सक्ने उनीहरूको भनाइ छ । मोरक्कोले युरोपेली बजारको निकटताबाट लाभ लिन सक्छ भने जिम्बाब्वेको ठूलो लिथियम भण्डारले ब्याट्री आपूर्ति शृंखलालाई सहयोग पुऱ्याउन सक्छ ।

स्थानीय उत्पादन बढेमा आयात शुल्क घट्नुका साथै चार्जिङ पूर्वाधार, पार्टपुर्जा उत्पादन र ब्याट्री उद्योगमा लगानी बढ्न सक्ने विश्लेषकको भनाइ छ । मोरक्कोमा अफ्रिकाकै पहिलो ठूलो क्षमताको ब्याट्री कारखाना निर्माण गर्ने योजना अघि बढाइएको छ ।

तीव्र सहरीकरण, बढ्दो आम्दानी र चिनियाँ ब्राण्डका तुलनात्मक रूपमा सस्ता सवारीसाधनका कारण अफ्रिकामा चिनियाँ अटोमेकरको बजार विस्तार भइरहेको छ । यसअघि युरोपेली, जापानी र अमेरिकी कम्पनीको वर्चस्व रहेको अफ्रिकी बजारमा चिनियाँ ब्राण्डले आफ्नो उपस्थिति बढाइरहेका छन् ।

'जिरो कार्बन एनालिटिक्स'का ऊर्जा रूपान्तरण अनुसन्धान विश्लेषक निक हेडलीले अफ्रिकाको बढ्दो जनसंख्या र विस्तार हुँदै गएको मध्यम वर्गले किफायती विद्युतीय सवारीका लागि ठूलो बजार सिर्जना गर्ने बताए । स्थानीय रूपमा विद्युतीय सवारीको प्रयोग बढाउँदा आयातित इन्धनमाथिको निर्भरता घटाउन सहयोग पुग्ने उनको भनाइ छ ।

'क्रसबाउण्डरी इनर्जी'का प्रबन्ध निर्देशक टोम्बो बाण्डाका अनुसार चिनियाँ कारखानाले आन्तरिक बजारको मागभन्दा बढी सवारी उत्पादन गरिरहेका छन् भने निर्यातमा पनि विभिन्न अवरोध बढिरहेका छन् । त्यसैले अफ्रिकामै उत्पादन केन्द्र स्थापना गर्नु चिनियाँ कम्पनीका लागि दीर्घकालीन लगानीको विकल्प बन्न सक्ने उनले बताए ।

### सरकारी नीतिले इभी उत्पादनलाई प्रोत्साहन

अफ्रिकी मुलुकले ऊर्जा सुरक्षा र इन्धन आयात घटाउने उद्देश्यले यातायातसम्बन्धी नीति परिवर्तन गर्न थालेका छन् । अफ्रिकी संघले अपनाएको 'हरित खनिज रणनीति'ले महत्त्वपूर्ण खनिजको स्थानीय प्रशोधनलाई प्राथमिकता दिएको छ, जसबाट विद्युतीय सवारीको ब्याट्री उत्पादनका लागि आवश्यक कच्चापदार्थ उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

इथियोपियाले जीवाश्म इन्धनबाट चल्ने सवारीसाधनको आयातमा प्रतिबन्ध लगाउँदै स्वदेशमै एसेम्बल गरिएका विद्युतीय सवारीमा कम आयात शुल्क लगाएर स्थानीय उत्पादनलाई प्रोत्साहन गरेको छ । दक्षिण अफ्रिकाले भने विद्युतीय तथा हाइड्रोजनबाट चल्ने सवारी उत्पादनमा लगानी आकर्षित गर्न भन्सार छुट, उत्पादनमा आधारित कर सहुलियत, प्रत्यक्ष नगद लगानी र कर छुटलगायतका प्रोत्साहन उपलब्ध गराउँदै आएको छ ।

परमारका अनुसार चिनियाँ तथा अन्य एसियाली अटोमेकरको रणनीतिमा उल्लेखनीय परिवर्तन आएको छ । उनीहरू सवारी आयातमामात्र निर्भर नरही स्थानीय एसेम्बली र उत्पादनतर्फ अघि बढिरहेका छन् । बाण्डाले अफ्रिका अब आयातित सवारीसाधनको बजारमा मात्र सीमित नरही उत्पादन केन्द्रका रूपमा विकास हुने सम्भावना रहेको बताए । उनका अनुसार अफ्रिकी बजारमा दीर्घकालीन पहुँच चाहने कम्पनीले स्थानीयस्तरमै उत्पादन र मूल्य अभिवृद्धि गर्नुपर्ने छ ।

### दक्षिण अफ्रिका अग्रस्थानमा

दक्षिण अफ्रिकासँग स्थापित सवारी उत्पादन उद्योग, दक्ष जनशक्ति र निर्यात बजार भएकाले विद्युतीय सवारी उत्पादन विस्तारका लागि ऊ अग्रस्थानमा रहेको बाण्डाको भनाइ छ । रोस्लिनजस्ता विद्यमान कारखानालाई नयाँ प्रविधिअनुसार परिमार्जन गर्न सकिने भएकाले नयाँ कारखाना निर्माणभन्दा कम समय र लगानीमा उत्पादन सुरु गर्न सकिने उनले बताए ।

यद्यपि, पेट्रोल तथा डिजेलबाट चल्ने सवारी उत्पादनका लागि बनाइएका कारखानालाई विद्युतीय सवारी उत्पादनमा रूपान्तरण गर्नु जटिल हुने उनले बताए । लगानी आकर्षित गर्न कर, भन्सार तथा औद्योगिक नीतिमा दीर्घकालीन स्थिरता आवश्यक पर्ने उनको भनाइ छ ।

भरपर्दो विद्युत् आपूर्ति र पर्याप्त चार्जिङ पूर्वाधारविना विद्युतीय सवारीको विस्तार कठिन हुने बाण्डाले बताए । उनका अनुसार इभी उत्पादन र प्रयोग विस्तारका लागि स्वच्छ, भरपर्दो तथा किफायती विद्युत् र पर्याप्त चार्जिङ संरचना आवश्यक छ । *रासस/एपी*

**खुशी खुशी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
मातातिर्थ, काठमाडौं
टेलिफोन : ०१-५१६४०५५, इमेल : khusikhusicooperatives@gmail.com

**सवारी साधन लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना**

**प्रकाशित मितिः २०८३/०४/२८**

यस संस्थाको तपसिलमा उल्लेखित सदस्यले हायर पर्चेज ऋण (कर्जा) शिर्षक अन्तर्गत ऋण लिंदा संस्थासंग गरेको शर्त सम्झौता बमोजिम समय-समयमा बुझाउनु पर्ने सावाँ, ब्याज लगाएतका रकमहरू नतिरी नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेकाले संस्थाको सम्पूर्ण ऋण रकम चुक्ता गर्न पटक-पटक मौखिक एवं लिखित रूपमा ताकेता गर्दा समेत कुनै चासो नदेखाएकाले उक्त सवारी साधन जे-जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम गर्ने बारे १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सहकारी ऐन २०७४ नियमावली २०७५ र सहकारी विनियमावली २०६७ (पहिलो संसोधन २०७३) तथा अन्य प्रचलित कानुन बमोजिम धितो सुरक्षणमा दिएको तपसिलको सवारी साधन लिलाम बिक्रीबाट असुल उपर गरिने छ सो बाट असुल उपर हुन नसकेको रकम तपाई ऋणी र जमानीको अन्य चल अचल श्री सम्पत्तिबाट सहकारीको ऋण असुली सम्बन्धमा प्रचलित कानुन बमोजिम गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । अन्य थप जानकारीका लागि संस्थामा सम्पर्क राख्नुहोला ।

**तपसिल**

| ऋणीको विवरण | सवारीको मोडल |
| --- | --- |
| नाम : जानकी शरण यादव, रेगन प्रसाई, अनिशा पाठक<br>बाबु : सूर्यनाथ यादव, राजेन्द्र प्रसाई हरी प्रसाद पाठक<br>ठेगाना : जिल्ला सिरहा, वर्धवा नं. ९, जिल्ला ललितपुर महालक्ष्मी ४ हाल कि.न.पा.-४ | WINGER<br>पहेलो कलर भएको गाडी नं. बा प्र. ०३-०१–२३ च ८९५५<br>इन्जिन नं. 2.2LDICOR11PPYJ14570, च्यासिस नं. MAT460091KUR08102 |

**बोलपत्र सम्बन्धी शर्तहरू**

१. सवारी साधन जे-जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गर्नु पर्नेछ ।
२. सवारी साधन खरिद गर्न पेश गर्नुपर्ने बोलपत्र फाराम यस संस्थाको कार्यालय मातातीर्थ, काठमाडौबाट रू. ५००/- तिरी (फिर्ता नहुने गरी) प्राप्त गर्न सकिने छ ।
३. सवारी साधन खरिद प्रस्ताव फारम यस संस्थाको कार्यालय मातातीर्थ , काठमाडौमा मिति २०८३/०५/१० गतेसम्म पेश गर्न सकिने छ ।
४. सवारी साधनमा लाग्ने अन्य शुल्क जस्तै सवारी साधन कर, बिलबुक नविकरण शुल्क, नामसारी शुल्क आदि सम्पूर्ण शुल्क खरिदकर्ता स्वयमले व्यहोर्न' पर्नेछ ।
५. खरिद गरी लिन चाहेको रकमको कम्तीमा १०% रकम संस्थाको एन.आइ.सी बैंक लिमिटेड, सतुङ्गल शाखामा रहेको खाता नं : १७२४१५००१५७९५००१ मा जम्मा गरी सो को सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।
६. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार यस संस्थामा निहित रहने छ । सो को कारण दिन संस्था बाध्य हुने छैन । साथै, खरीद गर्न चाहेको सवारी साधन सम्बन्धमा थप जानकारीको लागि एवम् अवलोकन गर्न चाहेमा कार्यालय समयभित्र यस संस्थाको कार्यालय मातातीर्थ, काठमाडौमा सम्पर्क गरी जानकारी लिन र अवलोकन गर्न सकिनेछ ।

**बोलपत्र खोल्ने मिति, समय र स्थान :**
मिति : २०८३/०५/११ गते बिहीबार (बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन)
समय : अपरान्ह २:३० बजे स्थान : संस्थाको मुख्य कार्यालय मातातीर्थ, काठमाडौ ।

**युएइमा रोजगार** कम्पनी : Gm Ac L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०४/२७ | LT. No. 346482 | चलानी नं. ६०२५९६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1 | Air Conditioning & Cooling Maintenance Technician | 1 | 0 | 1600 | ६६,४६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Black Smith/welder | 1 | 0 | 1600 | ६६,४६८ | | | | | | | |
| 3 | Bldg Painter | 1 | 0 | 1600 | ६६,४६८ | | | | | | | |
| 4 | Buiding Painter | 1 | 0 | 1600 | ६६,४६८ | | | | | | | |
| 5 | Building Electrician | 1 | 0 | 1600 | ६६,४६८ | | | | | | | |
| 6 | Bus Driver | 1 | 0 | 2000 | ८३,०८५ | | | | | | | |
| 7 | Carpenter | 1 | 0 | 1600 | ६६,४६८ | | | | | | | |
| 8 | Central Air Conditioning Equ.opt. | 1 | 0 | 1600 | ६६,४६८ | | | | | | | |
| 9 | General Plumber | 2 | 0 | 1600 | ६६,४६८ | | | | | | | |
| 10 | Tile Layer | 1 | 0 | 1600 | ६६,४६८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ४ गते (20th AUG. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**STUPA OVERSEAS SERVICES PVT. LTD.**
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418,
Jhal Nath Chamlagain (Contact No. 9707570238), E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com

**मलेसियामा रोजगार** कम्पनी : Symbiotica Speciality Ingredients Sdn. Bhd.

पूर्व स्वीकृति मिति : २०८३/०४/२६ | LT. No. 346433 | चलानी नं. ६०२५९६०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1 | (Factory/general) Worker | 10 | 0 | 1700 | ६३,४२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ भदौ ४ गते (20th AUG. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5423287
Fax : +977-1-5423287, E-mail : sands1238@gmail.com
श्रम ईजाजत नं. १२३८/०७४/०७५

**युएइमा रोजगार** कम्पनी : Green Vision Interior Decor Llc

पूर्व स्वीकृति मिति : २०८३/०४/२७ | LT. No. 346491 | चलानी नं.६०२५९५९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1 | Finishing Capenters | 10 | 0 | 1500 | ६०,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ भदौ ४ गते (20th AUG. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
(Nita & Anju Miss) 9709166724, Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम ईजाजत नं. १०१९/०६८/०६९

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ३०६७०० | प्रति तोला – ० | प्रति तोला – ४७४५ |

## 'एलपिजीको अधिक खपत हुने क्षेत्रमा संयुक्त अनुगमन आवश्यक'

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले एलपिजी ग्यास धेरै खपत गर्ने उद्योग एवं तारे होटलको अनुगमन गर्न आग्रह गरेकी छन् । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले बुधबार सिंहदरबारमा आयोजना गरेको 'अत्यावश्यक दैनिक खाद्य वस्तुहरूको सहज आपूर्ति व्यवस्थापनबारे सरोकारवाला निकायसँगको छलफल'मा उनले खाना पकाउने ग्यासको अधिक भण्डारणका विषयमा संयुक्त अनुगमन गर्न आग्रह गरिन् ।

संसदीय समिति, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र उपभोक्ता अधिकारकर्मीहरूको संयुक्त अनुगमन टोलीले अनुगमन गरेर वास्तविकता पत्ता लगाउने र समस्याको समाधान गर्नुपर्ने उनले आवश्यकता औंल्याइन् । सांसद तथा सरोकारवाला निकायले उठाएको जिज्ञासाको उत्तर दिँदै उनले अनुगमनबाट देखिएको कैफियतमा कारबाही गर्न मन्त्रालय तयार बताइन् ।

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले पाँचतारे होटलहरूले अत्यधिक मात्रामा ग्यास स्टक राखेकाले सर्वसाधारणले ग्यासको हाहाकार भोग्नुपरेको गुनासो गरे ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति रहबर अन्सारीले अहिले देखिएको ग्यास तथा खाद्य आपूर्तिमा देखिएको समस्याको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएर समस्याको समाधान गर्नका लागि अनुरोध गरे । उनले पेट्रोलियम पदार्थसम्बन्धी ऐन र कालोबजारीविरुद्धको ऐन ल्याउनको लागि आवश्यक तयारीमा जुट्नका लागि निर्देशन दिए ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नारायणप्रसाद शर्मा दुवाडीले मन्त्रालयले आफ्नो क्षमता र सामर्थ्यले भ्याएसम्म स्पष्ट योजना बनाएर अघि बढ्न खोजेको स्पष्ट पारे । उनले मन्त्रालय र मातहतको निकायसँग सीमित स्रोतसाधनको बाबजुत पनि अधिकतम बजार अनुगमन गर्ने प्रयास गर्दै आइरहेको बताए ।

### कालोबजारी गर्ने पेट्रोलपम्प र ग्यास डिलरको इजाजत खारेज गर्न निर्देशन

**काठमाडौं (प्रस)–** उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति रहबर अन्सारीले पेट्रोलियम पदार्थको कालोबजारी गर्ने पेट्रोलपम्प, पेट्रोल ढुवानी गर्ने ट्यांकर तथा ग्यास डिलरको इजाजत खारेज गर्नेसम्मको अधिकतम कारबाही गर्न सम्बन्धित निकायलाई अनुरोध गरेका छन् ।

समितिले बुधबार सिंहदरबारमा आयोजना गरेको 'अत्यावश्यक दैनिक खाद्यवस्तुको सहज आपूर्ति व्यवस्थापनबारे सरोकारवाला निकायसँगको छलफल' कार्यक्रममा सभापति अन्सारीले कालोबजारी गर्ने जोकोहीलाई कानुनी दायरामा ल्याउन निर्देशन दिएका हुन् ।

सभापति अन्सारीले पेट्रोलियम पदार्थसम्बन्धी ऐन तथा कालोबजारी नियन्त्रणसम्बन्धी विधेयक तयार गर्न आवश्यक तयारी अघि बढाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र मातहतका निकायलाई निर्देशन दिए । उनले समितिमा सरोकारवाला निकायलाई बोलाएर छलफल गरेपछि सुधारका काम भइरहेको बताए । उनले होटल तथा रेष्टुरेन्टमा पाम तेलमा रासायनिक पदार्थ मिसावट गर्ने प्रवृत्ति देखिएकाले त्यसलाई नियन्त्रण गर्न पनि सम्बन्धित निकायलाई निर्देशन दिए ।

नाइमा एक्स्पोको दोस्रो दिन

## दुई दिनमै ५५ हजारले गरे अवलोकन, बुकिङ पनि उच्च

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौंको भृकुटीमण्डपमा मंगलबारदेखि सुरु भएको 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' मा अवलोकनकर्ताको उल्लेख्य सहभागिता देखिएको छ । नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले आयोजना गरेको एक्स्पोको दोस्रो दिन पनि अवलोकनकर्ताको व्यापक सहभागिताले मेलास्थल भरिभराउ बनेको हो ।




मेलास्थल पुगेका अवलोकनकर्ताले आफूलाई मनपरेका कार छानी-छानी बुक गरिरहेको पाइएको छ । एक्स्पोमा सहभागी कम्पनीहरूका अनुसार महँगा र सस्ता कार तथा मोटरसाइकलमा अवलोकनकर्ताको समान रुचि देखिएको छ ।

काठमाडौंको डिल्लीबजारबाट मेला अवलोकन गर्न आएका दिनेश महर्जनले नाइमा एक्स्पो आफ्नो क्षमताअनुसारका कार बुक गर्ने महत्वपूर्ण अवसर भएको बताए । 'म नाइमा एक्स्पोकै अवसर पारेर कार किन्ने सोचमा थिएँ,' दिउँसो ३ बजे मेला स्थलमा भेटिएका उनले भने, 'धेरै ब्रान्डका आकर्षक मूल्य र फिचरसहितका गाडी देख्दा छनोट गर्न निकै सकस परिरहेको छ । बिहान साढे ११ बजेदेखि अहिलेसम्ममा १८-२० वटा गाडी चढिसकें होला ।'

मेलामा ठुलो संख्यामा मानिसहरूले कयौं ब्रान्डका गाडी चढेर सुविधा हेरिरहेका र बुझिरहेकाहरू थिए । अवलोकनकर्ताहरूले खासगरी ब्याट्री क्षमता, मोटर, रेन्ज, आफ्टर सेल्स सर्भिसलगायत विषयमा चासो राखेका छन् ।

कम्पनीहरूले पनि ग्राहक आकर्षित गर्न विभिन्न सुविधा उपलब्ध गराएका छन् । उनीहरूले मूल्यमा छुट, एक वर्षको बिमा, एक वर्षको सवारी कर, फ्रि सर्भिसिङ, न्यून दरमा कर्जा जस्ता सुविधा दिएका छन् ।

आज दोस्रो दिन पनि विभिन्न ब्रान्डका चार नयाँ मोडल सार्वजनिक भएका छन् । पहिलो दिन मंगलबार विभिन्न ब्रान्डले ४८ नयाँ मोडलका सवारीसाधन सार्वजनिक गरेका थिए । त्यस्तै आज २६ हजारभन्दा बढीले मेला अवलोकन गरेका छन् । उद्घाटनको दिन २९ हजारभन्दा बढीले मेला अवलोकन गरेका थिए । मेला अवधिभरमा करिब डेढ लाखले अवलोकन गर्ने अपेक्षा गरिएको छ ।

दोस्रो दिनको सिकाई सत्रमा 'मोबिलिटी : हिजो आज र भोलि' विषयमा छलफल तथा अन्तर्क्रिया भएको छ । संवादमा प्रतिनिधिसभा सदस्य एवं पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेल, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय प्रमुख एसएसपी सुरेशप्रसाद काफ्ले, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष सरोज सिटौला, पूर्वाधार विकास मन्त्रालयका विज्ञ सल्लाहकार एवं ट्राफिक तथा यातायात इन्जिनियर अनुकूल निधि र नाडा अटोमोबाइल एसोसिएसनका पूर्वअध्यक्ष ध्रुवबहादुर थापा सहभागी थिए । संवादको सहजीकरण पत्रकार टिकाराम यात्रीले गरेका छन् । आजको मोबिलिटी संवादमा पनि ३०० भन्दा बढीले सक्रिय सहभागिता जनाएका छन् ।

एक्स्पोको पहिलो दिन मंगलबार ''इन्भेष्टमेन्ट एण्ड फरेन डाइरेक्ट इन्भेष्टमेन्ट (एफडीआई): मोबिलाइजिङ फ्युल फर इकोनोमिक ग्रोथ' विषयमा छलफल भएको थियो । एक्स्पो अवधिभर स्वदेशी तथा विदेशी विज्ञहरूको सहभागितामा 'नाइमा मोबिलिटी संवाद' सञ्चालन हुनेछ ।

नेपालमा दिगो, हरित तथा प्रविधिमैत्री यातायात प्रणालीलाई प्रवर्धन गर्ने उद्देश्यले आयोजना गरिएको दोस्रो संस्करणको एक्स्पो ६ दिन अर्थात् साउन ३१ सम्म चल्नेछ । एक्स्पोमा स्वदेशी तथा बहुराष्ट्रिय सवारीसाधन निर्माता र आयातकर्ताको उल्लेख्य सहभागिता रहेको छ । एक्स्पोमा नेपालमा पहिलोपटक प्रवेश गरेका ब्रान्डदेखि अन्य नयाँ मोडलका विद्युतीय कार, ई-स्कुटर तथा विद्युतीय व्यावसायिक सवारीसाधन मुख्य आकर्षणका रूपमा रहेका छन् ।

एक्सपोमा बैंक तथा वित्तीय संस्था र बिमा कम्पनीले सवारी खरिदका लागि विशेष अफर तथा सहुलियत कर्जा उपलब्ध गराइरहेका छन् ।

मेलाको को-स्पोन्सरमा ग्लोबल आइएमई बैंक लिमिटेड रहेको छ भने रेडबुल पावर्डबाईका रूपमा रहेको छ । त्यस्तै बैंकिङ पार्टनरका रूपमा एनएमबी बैंक लिमिटेड र सिद्धार्थ बैंक लिमिटेड रहेका छन् । मेलाको इन्स्योरेन्स पार्टनरमा सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड (सलिको) र एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड रहेका छन् ।

त्यसैगरी, टेक्नोलोजी पार्टनरमा बोस, एजुकेसन पार्टनरमा ग्लोबल कलेज र एम्बार्क कलेज, चार्जिङ पार्टनरमा अग्नि इनर्जी प्राइभेट लिमिटेड र अजायल इन्जिनियरिङ सोलुसन्स प्राइभेट लिमिटेड, राइड पार्टनरमा पठाओ नेपाल प्राइभेट लिमिटेड, हाइड्रेसन पार्टनरमा अक्वा मिनरल्स (अक्वा हन्ड्रेड) प्राइभेट लिमिटेड, हस्पिटालिटी पार्टनरमा द सोल्टी काठमाडौं, मेडिकल पार्टनरमा ग्रान्डी इन्टरनेसनल हस्पिटल, सर्भिलियन्स पार्टनरमा भत्सल इम्पेक्स प्राइभेट लिमिटेड (हिकभिजन) तथा फायर एन्ड सेफ्टी पार्टनरमा हिट्को प्राइभेट लिमिटेड रहेका छन् ।

नाइमा मोबिलिटी एक्स्पोको को-टिकेटिङ पार्टनरमा आइएमई खल्ती लिमिटेड, क्यूआर पार्टनरमा युनियन पे, अडियो भिजुअल पार्टनरमा पायनियर इभेन्ट म्यानेजमेन्ट एन्ड मिडिया नेटवर्क प्राइभेट लिमिटेड, डिजिटल पार्टनरमा डिजिपल सोलुसन्स प्राइभेट लिमिटेड, भेइकल सेफ्टी पार्टनरमा एटीएस नेपाल, म्यानेजमेन्ट पार्टनरमा मिडिया स्पेस सोलुसन्स प्राइभेट लिमिटेड, कनेक्टिभिटी पार्टनरमा वर्ल्डलिंक कम्युनिकेसन्स लिमिटेड र पब्लिकेसन पार्टनरमा प्रफिट मिडिया प्राइभेट लिमिटेड रहेका छन् ।

## रूपन्देहीका सार्वजनिक स्थानमै ग्यास

■ दामोदर खनाल

**बुटवल–** रूपन्देहीमा विभिन्न ग्यास कम्पनिले विद्यार्थी, अपांग, वृद्धवृद्धालाई लक्षित गरेर सार्वजनिक स्थानहरूमा ग्यास वितरण गरिएको छ । मंगलबार बुटवलको बालमन्दिर र भैरहवाको राष्ट्रिय खाद्य तथा व्यापार कम्पनी परिसरबाट एलपी ग्यास वितरण गरिएको हो ।

आयल निगम र ग्यास व्यवसायीले नियमित ग्यास वितरण गर्दै आए पनि ग्यास सहज रूपमा नपाईएको भन्दै केहि उपभोक्ताबाट गुनासो आएपछि विद्यार्थी, अपांग, सुकुम्बासी, वृद्ध, किरियापुत्रीलगायत सर्वसाधारण उपभोक्ताको सहजताका लागि नेपाल आयल निगम भलवारी, रूपन्देहीको पहलमा बुटवलको बालमन्दिर र भैरहवाको राष्ट्रिय खाद्य व्यापार कम्पनी परिसरबाट फुल सिलिन्डर ग्यास विरणको व्यवस्था मिलाईएको नेपाल आयल निगम लुम्बिनी प्रादेशिक कार्यालय भलवारीका प्रमुख शैलेन्द्र भुसालले जानकारी दिए ।

उनले रूपन्देहीमा प्रत्येक दिन औसतमा ८ देखि ९ हजार सिलिन्डर ग्यास वितरण गरिँदै आएको र मंगलबार बुटवल बालमन्दिर परिषरबाट करिव १ हजार ५ सय र भैरहवा खाद्य कम्पनी परिसरबाट एक हजार सिलिन्डर ग्यास सार्वजनिक रूपमा वितरणको व्यवस्था मिलाईगको र बुधबार पनि अन्य उपयुक्त सार्वजनिक ठाउँमा ग्यास कम्पनीको उपस्थितिमा ग्यास वितरणको व्यवस्था गरिएको जानकारी दिए । उनले अगाडि भने 'ग्यासको रूपन्देहीमा खास समस्या नरहे पनि हाफ सिलिन्डरलाई फुल सिलिन्डरमा परिणत गर्दाको समस्या भएकोले केही दिनमा ग्यास सहज हुने हुनाले अनावश्यक रूपमा भण्डारण नगरिदिनुहोला ।'

बुटवल बालमन्दिर परिषरमा बुटवल, आरती, सिद्वार्थ, त्रिशूल, सिद्वनाथ, जानकि, स्वस्तिक, चण्डेश्वरी र लुम्बिनी ग्यास गरि ९ ग्यास उद्योगले संयुक्तरूपमा ग्यास बिक्रिको व्यवस्था मिलाइएको हो ।

रूपन्देहीमा उपभोक्ताबाट गुनासो आएपछि साउन २४ गते जिल्ला प्रशासन कार्यालय भैरहवा रूपन्देहीमा जिल्ला प्रशासन कार्यालय, नेपाल आयल निगम लिमिटेड लुम्बिनी प्रादेशिक कार्यालय भलवारी, ग्यास उद्योगी, ग्यास बिक्रेता संघ तथा उपभोक्ता संघको संयुक्त बैठकबाट विभिन्न स्थानमा सार्वजनिक रूपमा नै ग्यास वितरण गरिएको हो ।

बजारमा ग्यासको कृतिम अभाव सृजना गर्ने अनावश्यक स्टक गर्ने जस्ता कार्य निरूत्साहित गर्न जिल्ला प्रशासन लगायतको नेतृत्वको टिमले अनुगमन समेत गरिरहेको छ ।

ग्यास बिक्रेता संघका अध्यक्ष प्रदिप प्रसाद पन्थीले ग्यास पर्याप्त मात्रामा आएको र वितरण भईरहेपनि बजारमा कृत्रिम अवस्था सृजना गरिएको पनि यो सार्वजनिक स्थलमा समेत सबै कम्पनीबाट उपभोक्तालाई ग्यास वितरण गरिएको वताए । उनले भने हाफ र भरि सिलिन्डरका कारण पनि अझ केहिदिन अलमल रहेपनि सहजता हुँदै जाने समेत बताए ।

कर्पोरेट

### नाइमा एक्स्पोमा बिवाइडीको 'एट्टो सिरिज'को न्यु जेनेरेसन सार्वजनिक



**काठमाडौं (प्रस)–** नेपालका लागि बिवाइडी अटो इन्डष्ट्री कम्पनी लिमिटेडको आधिकारिक वितरक साइमेक्स इंक प्रा.लि. ले नाइमा मोबिलिटी एक्स्पो २०२६ मा 'न्यु जेनेरेसन एट्टो सिरिज' सार्वजनिक गरेको छ । न्यु जेनेरेसन अन्तर्गत एट्टो १, नयाँ एट्टो २ र २०२६ एट्टो ३ मा प्रविधि, डिजाइन, आराम तथा सुविधामा उल्लेखनीय सुधार गरिएको कम्पनीले जनाएको छ ।

न्यु जेनेरेसन अपडेटमार्फत बिवाइडीले विभिन्न सेग्मेन्टमा ग्राहकलाई थप सुविधा उपलब्ध गराउँदै आफ्नो लोकप्रिय एट्टो सिरिजलाई थप प्रतिस्पर्धी बनाएको छ ।

बिवाइडी एट्टो १ को डाइनामिक र प्रिमियम दुवै भेरियन्टमा प्रविधि तथा सुविधामा सुधार गरिएको छ । दुवै भेरियन्टमा अब ३६० डिग्री क्यामेरा उपलब्ध हुनेछ । यसले पार्किङ तथा साँघुरो स्थानमा सवारी सञ्चालन गर्दा चालकलाई वरपरको अवस्थाबारे थप स्पष्ट जानकारी प्रदान गर्नेछ । त्यस्तै, एट्टो १ प्रिमियममा अटो-फोल्ड ओआरभीएम थप गरिएको छ, जसले गर्दा दैनिक ड्राइभिङलाई थप सुविधायुक्त बनाउँछ ।

त्यस्तै बिवाइडीले एट्टो २ सिरिजमा नयाँ एसेन्सियल भेरियन्ट थप गरेको छ । यससँगै ग्राहकले एट्टो २ सिरिजमा थप किफायती विकल्प पाउने भएका छन् । एट्टो २ एसेन्सियलमा ४५.१२ किलोवाट आवरको ब्याट्री जडान गरिएको छ। यसले एकपटकको फुल चार्जमा डब्लूएलटीपी अनुसार ३१२ किलोमिटर रेन्ज दिने कम्पनीको दाबी छ । त्यस्तै नेपालमा सन् २०२२ अक्टोबरमा सार्वजनिक भएदेखि निरन्तर लोकप्रिय रहँदै आएको एट्टो ३ लाई बिवाइडीले न्यु जेनेरेसनमा थप परिष्कृत गरेको छ । कम्पनीले यसलाई नेपालको नम्बर १ एसयूभी तथा सार्वजनिक भएको समयदेखि सबैभन्दा धेरै बिक्री भएको एसयूभीका रूपमा प्रस्तुत गरेको छ । न्यु जेनेरेसन एट्टो ३ मा बोल्ड न्यु डिजाइनका साथै टेक्नोलोजी, कम्फर्ट र रिफाइनमेन्टमा प्रशस्तै अपग्रेड गरिएको छ ।

नयाँ एट्टो ३ मा बिवाइडीको 'डाइनामिक ड्रागन फेस डिजाइन' अपनाइएको छ । यसले एसयूभीलाई थप आकर्षक तथा आधुनिक स्वरूप दिएको छ । पछाडिको भागमा रियर स्पोइलर, हाई-माउन्टेड ब्रेक लाइट तथा 'चाइनिज नट' टेललाइट राखिएको छ ।

नयाँ एट्टो ३ मा पहिलेदेखि उपलब्ध लेआउटको स्थानमा कोलम-सिफ्टर गियर सेलेक्टर राखिएको छ । यसले गियर चेन्जलाई सहज बनाउनुका साथै ड्राइभिङ सुविधा र सुरक्षामा समेत सहयोग गर्ने कम्पनीको भनाइ छ । २०२६ बिवाइडी एट्टो ३ एडभान्स्डको मूल्य ६२ लाख ९० हजार रूपैयाँ निर्धारण गरिएको छ ।

### नाइमा एक्स्पोमा सिद्धार्थ बैंकको विशेष अफर

SiddharthaBank

**काठमाडौं (प्रस)–** नाइमा नेपाल मोबिलिटी एक्स्पोमा सिद्धार्थ बैंक लिमिटेडले ग्राहकहरूलाई लक्षित गरी विशेष अफर सार्वजनिक गरेको छ ।

बैंकिङ पार्टनरसमेत रहेको बैंकले एक्स्पो अवधिभर सवारी साधन खरिदका लागि कर्जा लिने ग्राहकहरूका लागी ०.५ प्रतिशत सेवा शुल्क तथा आधार दरमा वार्षिक थप १ प्रतिशत प्रिमियमको ब्याजदरमा कर्जा सुविधा उपलब्ध गराउने अफर ल्याएको छ । उक्त विशेष योजना २०८३ साउन २६ गतेदेखि ३१ गतेसम्म ९११-१६ अगस्ट २०२६० आयोजना भइरहेको एक्स्पो अवधिभर लागू हुनेछ ।

सवारी साधन खरिद गर्न इच्छुक ग्राहकहरूले एक्स्पोमा सहभागी भई बैंकको विशेष कर्जा योजनाको लाभ लिन सक्नु हुनेछन् । यस योजनामार्फत ग्राहकलाई सहज, सरल तथा प्रतिस्पर्धी कर्जा सुविधा उपलब्ध गराउँदै आफ्नो आवश्यकता अनुरूपको सवारी साधन खरिद गर्न सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

## राष्ट्रिय सहकारी बैंकको पुँजी पर्याप्ततामा ऐतिहासिक फड्को

■ प्रभाव संवाददाता




**ललितपुर–** राष्ट्रिय सहकारी बैंक लिमिटेडले आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरण बुधबार सार्वजनिक गर्दै वित्तीय सुधारको यात्रामा महत्वपूर्ण उपलब्धि हासिल गरेको जनाएको छ । विशेषगरी बैंकको पूँजी पर्याप्तता अनुपात नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम ८ प्रतिशतको सीमाभन्दा माथि पुग्दै ११.६६ प्रतिशत कायम भएको छ, जुन बैंकको वित्तीय स्थायित्व र जोखिम वहन क्षमतामा आएको उल्लेखनीय सुधारको सूचक हो ।

अघिल्लो त्रैमाससम्म ४.४२ प्रतिशतमा सीमित रहेको पूँजी पर्याप्तता अनुपात छोटो अवधिमै ११.६६ प्रतिशतमा पुग्नु बैंकका लागि महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ । यसले बैंकले विगतका चुनौती पार गर्दै आफ्नो पूँजी आधार मजबुत बनाउने दिशामा उल्लेखनीय प्रगति गरेको देखाउँछ ।

वित्तीय विवरणअनुसार बैंकले चौथो त्रैमाससम्म करिब ४९ करोड रूपैयाँ खुद नाफा आर्जन गरेको छ । अघिल्लो आर्थिक वर्षमा घाटामा रहेको बैंक चालु वर्षमा नाफामा फर्कन सफल भएको हो। खुद ब्याज आम्दानी पनि उल्लेखनीय रूपमा वृद्धि भई ८७ करोड रूपैयाँभन्दा बढी पुगेको छ, जसले बैंकको मुख्य व्यवसायिक गतिविधिमा सुधार आएको संकेत गर्दछ ।

बैंकको सञ्चालन आम्दानी र सञ्चालन नाफामा समेत सकारात्मक वृद्धि देखिएको छ। वित्तीय आधार मजबुत बन्दै जाँदा बैंकको समग्र कार्यसम्पादनमा सुधार देखिएको व्यवस्थापनको भनाइ छ । बैंकले खराब कर्जा नियन्त्रण, कर्जा असुलीलाई थप प्रभावकारी बनाउने, जोखिम व्यवस्थापन प्रणाली सुदृढ गर्ने तथा सुशासनलाई संस्थागत रूपमा अझ बलियो बनाउने रणनीति अवलम्बन गरेको जनाएको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले नाफामा पुनरागमन, सञ्चित नोक्सानीमा आएको कमी तथा पूँजी पर्याप्तता अनुपात नेपाल राष्ट्र बैंकको न्यूनतम सीमाभन्दा माथि पुर्याउन सफल हुनु संस्थागत सुधार यात्राका महत्वपूर्ण उपलब्धि भएको बताए । उनले आगामी दिनमा निष्क्रिय कर्जा घटाउने, पूँजी आधार थप सुदृढ बनाउने तथा वित्तीय स्थायित्वलाई दिगो बनाउने कार्यलाई उच्च प्राथमिकता दिइने उल्लेख गरे ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ